# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १० | अंक १९९ | काठमाडौं | आइतबार, ३ मंसिर २०८० | Prabhab National Daily | Sunday, November 19, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


कोप-२८ बारे प्रधानमन्त्रीको प्रस्टीकरण

## 'सहयोगको याचना होइन, अधिकारका कुरा राख्छु'



- जलवायु परिवर्तनको असर न्यूनीकरणका लागि सहयोगभन्दा पनि अधिकारका विषयलाई प्राथमिकताका साथ उठाइने
- जसले कार्बन उत्सर्जनमा कमजोरी गरेको छ, उसले जलवायु कोषमार्फत क्षतिपूर्ति दिनुपर्ने भनाइ

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहालले जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय संरचना महासन्धि (युएनएफसिसिसी) का पक्ष राष्ट्रहरूको २८औं सम्मेलन (कोप-२८) मा जलवायु परिवर्तनबाट नेपालमा परेको असरका बारेमा स्पष्टसँग कुरा राख्ने बताएका छन् ।

नेपाल पर्वतारोहण संघले शनिबार सोलुखुम्बुको सगरमाथा आधार शिविर, कालापत्थरमा आयोजना गरेको शान्ति दीप हस्तान्तरण तथा झण्डोत्तलन कार्यक्रमलाई सम्बोधन गर्दै उनले उक्त सम्मेलनमा जलवायु परिवर्तनको असर न्यूनीकरणका लागि सहयोगभन्दा पनि अधिकारका विषयलाई प्राथमिकताका साथ उठाइने बताए ।

'हामीले गर्दै नगरेको कामको मूल्य चुकाउन सक्दैनौं, जसले कार्बन उत्सर्जनमा कमजोरी गरेको छ, उसले हाम्रो अधिकारका रूपमा जलवायु कोषमार्फत क्षतिपूर्ति दिनुपर्छ,' प्रधानमन्त्री दाहालले भने, 'कोप-२८ मा नेपालले सहयोगको याचनामात्रै गर्ने होइन, हामीलाई हाम्रो अधिकार चाहियो भन्ने हो ।' उनले यसलाई मागका रूपमा नभई अधिकारकै रूपमा राख्ने तयारी गरिएको जानकारी दिए ।

यही मंसिर १४ देखि २६ गतेसम्म संयुक्त अरब इमिरेट्स (युएई)को दुबईमा कोप-२८ सम्मेलन आयोजना हुँदै छ । प्रधानमन्त्री दाहालको प्रमुख आतिथ्यमा हुने सम्मेलनमा राष्ट्रिय अनुकूलन योजनाको विस्तृत रूप, राष्ट्रिय निर्धारित योगदानमा आधारित कार्यान्वयन योजना र कोप-२८ को एजेण्डाका बारेमा छलफल हुने छ ।

नेपालले कोप-२८ मा उठाउने विषय र प्राथमिकताका सम्बन्धमा उच्चस्तरीय सत्रलाई यही मंसिर १६ गते प्रधानमन्त्री दाहालले सम्बोधन गर्ने कार्यक्रम छ । उनले कोप-२८ सम्मेलनमा नेपालका तर्फबाट उठाउनुपर्ने विषयको तयारीका लागि जलवायु वित्त, अनुकूलन, पर्वतीय प्रविधि हस्तान्तरण र क्षमता अभिवृद्धि, हानि र नोक्सानी, लैंगिक, (बाँकी पष्ठ २ मा)

# मंसिर ७ केन्द्रित राजनीति

हामी कसैसँग जाइलाग्ने नीति लिँदैनौं । हाम्रो अत्यन्तै संयमित ढंगले तर अलि जोशिलो, आक्रामक होइन, हामी कुनै ताडफोड गर्दैनौं । तोडफोड नगरी, आक्रामक नभई जोशिलो प्रदर्शन यसपल्ट गर्छौं । आफ्नो सुरक्षा आफैं गर्छौं । अरू धेरै भर पर्दैनौं, त्यो कुरा हामीले बुझ्याछौं ।

■ **केपी शर्मा ओली**
**अध्यक्ष, नेकपा एमाले**

देश अहिले अराजकतातिर गइरहेको छ । सबैको मनमा ७ गतेदेखि के हुन्छ भन्ने छ ।

■ **डा. शेखर कोइराला**
**नेता, नेपाली कांग्रेस**

■ **प्रभाव संवाददाता**





**काठमाडौं–** मेडिकल व्यवसायी दुर्गा प्रसाईंले काठमाडौं केन्द्रित प्रदर्शन गर्ने भएपछि राजनीति त्यसैतर्फ केन्द्रित भएको छ। २० लाख रूपैयाँसम्मको ऋण मिनाहाको नारा लिएर प्रसाईंले मंसिर ७ गते माइतीघरमा 'बृहत् नागरिक मुक्ति आन्दोलन' नामक प्रदर्शन गर्ने भएपछि सरकारलाई भन्दा प्रमुख प्रतिपक्षी दल नेकपा एमालेलाई टाउको दुखाईको विषय बनेको छ ।

कुनै समय एमालेकै प्रभावशाली नेता मानिएका प्रसाईं अहिले भने एमालेकै लागि तगारो बनेर उभिएपछि अध्यक्ष केपी शर्मा ओलीसमेत उनीविरुद्ध बोल्न थालेका छन् । सोही दिन नेकपा एमालेले महेश बस्नेतको नेतृत्वमा माइतीघरमा शान्तिपूर्ण प्रदर्शन गर्ने तयारी गरेको छ । शान्तिपूर्ण भनिए पनि एमालेले प्रसाईंको प्रदर्शन बिथोल्ने तयारी थालेको बताइन्छ ।

एमाले अध्यक्ष ओलीले कार्यक्रममा युवादेखि विद्यार्थीलाई स्वतःस्फूर्त रूपमा उपस्थित हुन निर्देशन दिइसकेका छन् । '११ बजे माइतीघर मण्डल अहिले भनिएको छ, त्यो स्थान फरक पनि पर्न सक्छ भोलि गएर, सरकारले विभिन्न कारण त्यसलाई निषेधित क्षेत्र भन्यो भने अरुतिर जानुपर्ने हुन सक्छ, रत्नपार्क पनि जानपर्ने हुन सक्छ । त्यसो भयो भने सूचना आइहाल्छ,' शनिबार पार्टी कार्यालय च्यासलमा ओलीले भने ।

व्यवसायी प्रसाईं पछिल्लो समय ओलीविरोधी बोलीका कारण चर्चामा छन्। सौराहा महाधिवेशनपछि एमाले केन्द्रीय सदस्य बनेका प्रसाईं राजतन्त्रको पक्षमा बोलेका कारण एमालेबाट निकालिएका थिए। अहिले प्रसाईं ओलीको चर्को विरोध गर्छन् । त्यसैले प्रसाईंको प्रदर्शनको काउन्टरमा एमालेले कार्यक्रम राखेको बताइन्छ। एमाले नेता बस्नेतले आफूहरूले शान्तिपूर्ण प्रदर्शन गर्ने तर आइलाग्नेमाथि जाइलाग्न भनेपछि नपर्ने बताउँदै आएका छन् ।

ओलीले भने पार्टीको नीति त्यस्तो नभएको प्रस्ट पारेका छन् । 'हामी कसैसँग जाइलाग्ने नीति लिँदैनौं । हाम्रो अत्यन्तै संयमित ढंगले तर अलि जोशिलो, आक्रामक होइन, हामी कुनै ताडफोड गर्दैनौं । तोडफोड नगरी, आक्रामक नभई जोशिलो प्रदर्शन यसपल्ट गर्छौं । आफ्नो सुरक्षा आफैं गर्छौं । अरु धेरै भर पर्दैनौं, त्यो कुरा हामीले बुझ्याछौं,' ओलीले भनेका छन् ।

### सुरक्षा तयारीबारे प्रधानमन्त्रीको चासो

व्यवसायी प्रसाईं र एमालेको प्रदर्शनमा मुठभेड हुनसक्ने भन्दै सत्तारुढ दलहरूबीच छलफल हुने भएको छ । प्रधानमन्त्री दाहालले शुक्रबार उपत्यकाका तीनवटै सुरक्षा निकायका प्रमुखलाई बोलाएर पछिल्लो तयारीबारे जानकारी लिएका थिए। त्यसैगरी आइतबार यसबारे सत्ताघटकहरूसँग छलफल गर्न बालुवाटारमा प्रधानमन्त्री दाहालले बैठक डाकेको एकीकृत समाजवादी पार्टीका अध्यक्ष माधवकुमार नेपालले जानकारी दिए ।

उनले देशमा अस्थिरता पैदा गर्ने शक्ति सक्रिय भएको भन्दै त्यसलाई प्रतिवाद गर्नका निम्ति मानसिक र भौतिक रूपमा तयार हुनुपर्ने बताएका छन् । शनिबार पार्टीको केन्द्रीय लेखापरीक्षण आयोगद्वारा पार्टी केन्द्रीय कार्यालयमा आयोजित कार्यक्रममा उनले भने, 'व्यवस्थामाथि नै चुनौती दिने कुरा स्वीकार्य छैन ।'

### कांग्रेस नेता शेखर पनि चिन्तित

नेपाली कांग्रेसका नेता डा. शेखर कोइरालाले देश अराजकतातिर गइरहेको बताएका छन्। प्रधानमन्त्री दाहालकै अभिव्यक्तिका कारण देश अराजकतातर्फ गइरहेको उनको दाबी थियो। मोरङको विराटनगरमा एक किताब विमोचन कार्यक्रमलाई सम्बोधन गर्दै नेता कोइरालाले मंसिर ७ पछि के होला भन्ने चिन्ता सबैमा छाएको बताए ।

'देश अहिले अराजकतातिर गइरहेको छ । सबैको मनमा ७ गतेदेखि (बाँकी पष्ठ २ मा)

### सुरक्षा तयारी तीव्र

माइतीघरमा हुनसक्ने सम्भावित घटनालाई लिएर गृह प्रशासनले आवश्यक सुरक्षाको तयारी थालेको छ । प्रहरीले प्रसाईंको पक्षमा खासै मानिस उपस्थिति नहुने आकलन गरेको छ । प्रसाईंलाई पाँच हजार मानिस जम्मा गर्न मुश्किल हुने नेपाल प्रहरीको दाबी छ । यता सरकारले भने उक्त दिन काठमाडौंका प्रमुख क्षेत्रमा निषेधज्ञा जारी गर्नुपर्ने गरी छलफल थालेको छ ।

तर काठमाडौं प्रशासनले भने अहिलेसम्म कार्यक्रमको औपचारिक जानकारी नै पाएको छैन । 'हामीलाई दुवै पक्षले औपचारिकरूपमा जानकारी दिएका छैनन् । जानकारी नभई कार्यक्रम गर्न दिन्नौं,' काठमाडौंका प्रमुख जिल्ला अधिकारी जितेन्द्र बस्नेतले भने ।

अर्थतन्त्र कमजोर हुँदै जाँदा जनतामा निराशा छाएकोले आन्दोलनले जुनसुकै रूप लिनसक्ने कतिपयले विश्लेषण गरेका छन् । यसै विषयमा सम्बोधन गर्न प्रधानमन्त्री दाहालले सोमबार गोलमेच बैठक डाकेका छन् । बैठकमा नेपालको बिग्रँदो अर्थतन्त्रबारे छलफल हुने र समाधानका उपायबारे निचोड निकाल्ने तयारी रहेको प्रधानमन्त्रीका प्रेस सल्लाहकार गोविन्द आचार्यले बताए ।

प्रसाईं र बस्नेत एकले अर्कोलाई सामाजिक सञ्जालमा तल्लोस्तरको गालीगलौज गर्दै आएका छन् । युवा संघ नेपालको कार्यकर्ताले असोज २२ गते कान्तिपथस्थित होटल एलो प्यागोडामा प्रसाईंमाथि मोसो दलेका थिए । त्यसको केही दिनपछि झापामा एक कार्यक्रममा पुगेका बस्नेतको पार्किङ गरेर राखेको गाडी तोडफोड भएको थियो । बुधबार हुने कार्यक्रममा दुई पक्षबीच थप झडप हुनसक्ने सुरक्षा निकायको विश्लेषण छ ।

सन्दर्भ : वैदेशिक रोजगार

## जर्मनी जाने श्रमिकको मापदण्ड बन्दै

### मासिक तलब दुई हजार युरो




■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सरकारले रोजगारीका लागि जर्मनी पठाउने श्रमिकहरूले पाउने सेवासुविधा तथा सुरक्षासम्बन्धी आवश्यक मापदण्ड बनाउँदै छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले नेपाल र जर्मनीले दक्ष श्रम आप्रवासन तथा ज्ञान आदानप्रदानसम्बन्धी संयुक्त घोषणापत्रमा हस्ताक्षर गरेपश्चात् जर्मनीमा प्रशिक्षार्थी श्रमिक पठाउन द्विपक्षीय ज्वाइन्ट कमिटीले आवश्यक मापदण्ड निर्माणको गृहकार्य गरिरहेको उल्लेख गरेको छ ।

सम्झौताअनुसार जर्मनीले नेपालबाट प्रशिक्षार्थी कामदार लैजाने र उनीहरूलाई एक वर्ष भाषा, सीप तथा व्यावसायिक तालिम प्रदान गरी रोजगारीको क्षेत्रमा पठाइने छ । रोजगारीका लागि नेपालीहरूलाई जर्मनी पठाउनेगरी सम्झौता भए पनि उनीहरूलाई पठाउन आवश्यक मापदण्ड नभएका कारण त्यसैको तयारी भइरहेको मन्त्रालयका सहसचिव एवं प्रवक्ता डण्डुराज घिमिरेले बताए ।

'दुई देशबीचको आपसी सहमतिअनुसार नै मापदण्ड निर्माण हुने छ,' उनले भने, 'नेपाली जनशक्तिलाई रोजगारीको अवसर उपलब्ध गराउने, वैधानिक तवरबाट मात्रै श्रमिक लैजाने र उनीहरूको सेवासुविधा, सुरक्षा, सीप र भाषाको विषयलाई मापदण्डमा समेटिदै छ ।'

मापदण्डअनुसार जर्मनी जाने श्रमिकले कम्तीमा १२ कक्षा पास गरेको हुनुपर्ने, जर्मनी भाषा सिक्नुपर्ने र एक वर्षको व्यावसायिक तालिम परीक्षा उत्तीर्ण गर्नुपर्ने बताइएको छ । त्यस्तै जर्मनी जान छनोट भएका श्रमिकले कुनै शुल्क व्यहोर्नु नपर्ने, उनीहरूलाई खान बस्न निःशुल्क व्यवस्था गर्नुपर्ने, त्यहाँका नागरिकसरह अन्य सेवा सुविधासहित सामाजिक सुरक्षा, बिमा उपलब्ध हुनुपर्ने उल्लेख गरिएको छ । त्यसैगरी प्रशिक्षार्थी श्रमिकलाई तालिम अवधिभर न्यूनतम मासिक तलब करिब दुई हजार युरो हुनेगरी मापदण्ड तयारी भइरहेको मन्त्रालयले जनाएको छ ।

मापदण्ड स्वीकृत भएलगत्तै जर्मनीमा श्रमिक पठाउन आवश्यक प्रक्रिया अपनाइने प्रवक्ता घिमिरेले बताए । उनका अनुसार मोडालिटी तयार भएपछि अनलाइन आवेदन आह्वान गरी श्रमिक छनोट गरी जर्मनी पठाइने छ । हाल जर्मनीमा विभिन्न माध्यमबाट करिब आठ हजारको हाराहारीमा नेपाली रहेको बताइन्छ । दुईपक्षीय श्रम सम्झौतापश्चात् अब श्रम स्वीकृति दिएर सरकार आफैंले श्रमिकलाई जर्मनी पठाउने व्यवस्था गरिएको घिमिरेले बताए ।

वैदेशिक रोजगार विभागको तथ्यांकअनुसार १० वर्षको अवधिमा एक हजार ६०० नेपालीहरू श्रम स्वीकृति लिएर जर्मनी पुगेका छन् । कोरोना महामारीका कारण युरोपमा श्रमिकहरूको अभाव चुलिँदै गएपछि जर्मनीले आप्रवासी श्रमिक माग गर्दै आएको छ ।

## एआईका कारण कोरियामा लाखौंको रोजगारी गुम्ने खतरा

**काठमाडौं–** आगामी दुई दशकमा दक्षिण कोरियामा करिब ४० लाख रोजगारी कृत्रिम बौद्धिकता (एआई, आर्टिफिसियल इन्टेलिजेन्स) प्रविधिले प्रतिस्थापन गर्ने जोखिममा रहेको बिहीबार जारी केन्द्रीय बैंकको एक अध्ययनमा बताइएको छ । तीव्ररूपमा अगाडि बढिरहेको एआई प्रविधिले रोजगारी गुमाउने र साइबार हमलादेखि लिएर मानिसले डिजाइन गरेका प्रणालीमा नियन्त्रण गुमाउनेसम्मका सबै कुरामा वैश्विक चिन्ता उत्पन्न गरिदिएको छ ।

बैंक अफ कोरियाको नयाँ अध्ययनमा घरेलुस्तरमा एआईलाई अपनाउनेहरू बढिरहेकाले दक्षिण कोरियामा करिब ३९ लाख रोजगारी खतरामा रहेको जनाइएको छ । एआईबाट चिकित्सक, वकिल, एकाउन्टेन्ट तथा रसायनशास्त्रीहरू सबैभन्दा धेरै जोखिममा रहेको व्यवसायमा पर्नेछ ।

'उच्च शैक्षिक पृष्ठभूमि र उच्च आम्दानी भएका कामदारहरूले एआईको ठूलो जोखिमको सामना गर्नुपर्नेछ र उनीहरूलाई एआईले प्रतिस्थापन गर्ने ठूलो जोखिम छ,' अध्ययनमा भनिएको छ । एआईले सेतो पोसाकधारी (चिकित्सक) को विश्लेषणात्मक र बौद्धिक कार्यलाई सजिलै पूरा गर्न सक्ने भएकाले यस्ता नोकरी सबैभन्दा ठूलो जोखिममा पर्ने अध्ययनमा उल्लेख छ ।

अध्ययनअनुसार एआईका कारण आफ्नो जागिर गुमाउने सबैभन्दा कम सम्भावना भएका व्यक्तिहहरू धार्मिक, खाद्य सेवा र शिक्षण क्षेत्रका हुने छन् । बैंक अफ कोरियाको अध्ययनमा भनिएको छ, 'एआई प्रविधि विद्यमान रोजगारीका लागि खतरा हो तर यसले एआई प्रणाली विकसित गर्ने इञ्जिनियर र एआईसँग सम्बन्धित स्टार्ट-अपहरूमा नयाँ-नयाँ रोजगारीको अवसरसमेत सिर्जना गर्दछ ।' *रासस*




# छठमा सिंगारियो काठमाडौं

■ सिबी अधिकारी/सीता भट्टराई



**काठमाडौं–** शनिबार दिन ढल्दै गर्दा सन्तोष साह ललितपुरको कुपण्डोल नजिकै बागमती नदी किनारमा बत्ती जडान गर्दै हुनुहुन्थ्यो । भारत घर भएका साह हरेक वर्ष यसैगरी तिहार र छठजस्ता पर्वमा बत्ती जडान गर्न यहाँ आउँछन् । नदी किनारमा छठ पूजाका लागि झिलिमिली बत्ती सजावटको जिम्मेवारी यसपटक पनि उनी आफैंले लिएका छन् । 'हरेक वर्ष छठमा यहाँ बत्ती जडान मैले नै गर्दै आएको छु' उनले भने, 'यसपालि पनि मैले नै जिम्मेवारी लिएर काम गरेको छु ।'

साहसँगै विराटनगरका रमेश अग्रवाल पनि छठको तयारीमा व्यस्त देखिन्थे । छठ पूजाका लागि बागमती नदी किनारमा बालुवा मिलाउँदै उनले भने, 'म विगत ३० वर्षदेखि थापाथली घाटमा छठ पूजा गर्दै आएको छु ।' अग्रवाललाई काठमाडौंका प्रदीप गिरीले साथ दिइरहेका थिए ।

उनीहरू नजिकै पाल टाँगिरहेका उदयपुरका प्रवेश परियारको व्यस्तता पनि कम थिएन । पाल कस्दै परियारले आफूले पछिल्लो तीन वर्षयता छठ पूजाका लागि यहाँ पाल बनाउँदै आएको सुनाए ।

आरके रेन्टल एण्ड टेण्ट हाउसमार्फत १५ भन्दा बढी मजदुर छठ पूजाको तयारीका लागि पूजास्थल बनाउन जुटिरहेका थिए । बत्ती जडान र गेट बनाउनेलगायतका काममा उल्लेख्य संख्यामा मजदुर खटिएका थिए । सजावटको काम सकिएपछि सो स्थानमा छठी माताको मूर्ति पनि राखिएको छ ।

छठ पूजा समिति कुपण्डोलका संयोजक सतिशकुमार झाले छठ पूजाको सम्पूर्ण तयारी पूरा भएको जानकारी दिए । उनले ६०० हाराहारी व्रतालुको व्यवस्थापन हुनेगरी छठ पूजाको तयारी गरिएको बताए ।

संयोजक झाले भने, 'पाल टाँगेर बत्ती सजावटको काम सकिएको छ । छठी माताको पूजा गरी रातभर जाग्राम बस्ने भक्तजनको व्यवस्थापनको काम गरिरहेका छौं, गत वर्षको तुलनामा यसपटक भक्तजन बढ्ने अनुमान गरिएको छ ।'

काठमाडौं उपत्यकाको सबैभन्दा पुरानो र ऐतिहासिक छठ पूजा समितिका रूपमा दर्ता भइ हरेक वर्ष छठ पूजा आयोजना गरिँदै आएको संयोजक झाको भनाइ छ । कुपण्डोल पुलदेखि पश्चिमतर्फका बागमती नदी किनारमा १५ वर्षदेखि छठ पूजा गर्दै आइएको समितिले जनाएको छ ।

पछिल्ला वर्षहरूमा काठमाडौं उपत्यकामा छठ पर्वको रौनक बढ्दै गएको छ । तराई-मधेसमा मात्र नभई मुलुकका सबै भू-भागमा छठ पर्व मान्ने चलन विस्तार भइरहेको छ । विभिन्न समुदायले सामूहिक रूपमा छठ पर्व मनाउँदै गर्दा छठ साँझा पर्वका रूपमा विकास भएको छ । छठ पर्वले सामाजिक सद्भाव कायम गर्दै आपसी भाइचारा अभिवृद्धिमा महत्त्वपूर्ण योगदान दिएको छ ।

छठ सबै समुदायको साझा पर्वका रूपमा मानिँदै आएको समितिका संयोजक झाको भनाइ छ । 'काठमाडौंमा छठ पर्व चिनाउने भनेकै यही छठ पूजा समितिले हो । उपत्यकाका सबै समुदायका मानिस आएर यहाँ सौहार्द्रपूर्ण वातावरणमा पूजा गर्दै आउनुभएको छ,' उनले भने ।

छठ पूजा समितिका अनुसार आज आइतबार साँझ राष्ट्रपति, उपराष्ट्रपतिलगायत विशिष्ट व्यक्तिहरूले कुपण्डोलस्थित छठ पूजास्थल पुगी छठी माताको दर्शन तथा पूजा आराधना गर्ने कार्यक्रम छ । छठ पर्वको मुख्य दिन आज साँझ अस्ताउँदो सूर्यलाई पूजा आराधना गरी अर्घ्य दिइन्छ भने त्यससको भोलिपल्ट बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिएर छठ समापन गरिन्छ । राजधानीका अन्य स्थानमा पनि छठ पूजाको तयारी गरिएको छ ।

नेपाली समाजमा कुरीतिका रूपमा रहेको जातीय विभेद र छुवाछूत अन्त्य गर्ने पर्वका रूपमा पनि छठलाई लिइन्छ । 'छठ पर्वमा सबैभन्दा ठूलो महत्त्व भनेको हामीले समावेशी सिद्धान्तका लागि राजनीतिक संघर्ष गरिरहेका छौं, यो पर्वभन्दा ठूलो उदाहरण अरु हुन सक्दैन । किनकि छठ पूजाको सामग्री र सामूहिक पूजा गरिन्छ । मधेसका डोम जातिले बनाएको बाँसबाट बनाइएका सामग्री, कुमालेको भाँडाकुडा, किसानले उत्पादन गरेका तरकारी भनेपछि सामान्यदेखि सम्पन्न किसानको सामग्री प्रयोग, घाटमा पूजा गर्न आउनेले कुनै जात नसोध्ने भएकाले यो समावेशिताको प्रतीक हो,' संयोजक झाले भने ।

गौरीघाट, कमलपोखरी, विष्णुमती, नख्खु, गहनापोखरी, कुपण्डोललगायत काठमाडौंको २१ स्थानमा पूजास्थलको निर्माण गरिएको छ । विशेषगरी तराई क्षेत्रमा मनाइने छठ पछिल्लो समय पहाडी, हिमाली क्षेत्रका मानिसले पनि मनाउँदै आएको पाइन्छ ।

सत्य र अहिंसाप्रति मानवको रुचि बढाउने तथा सबै जीवप्रति सहानुभूति राख्न अभिप्रेरित गर्ने महान् छठ पर्व चार दिनसम्म मनाइन्छ । यो पर्वमा षष्ठी भगवतीको पूजाअर्चना गरी पुत्र, पति र परिवारको कल्याणको कामना गरिन्छ । छठ पर्वको अवसरमा पञ्चमीका दिनदेखि व्रत बस्ने महिला तथा पुरुषले निष्ठापूर्वक पवित्र जलाशयमा स्नान गरी बेलुका दूध, चामल र सखरको खीर बनाइ प्रसादको रूपमा ग्रहण गर्ने प्रचलन छ ।

कात्तिक शुक्ल चतुर्दशीका दिनबाट सुरु हुने छठ पर्व सूर्यको आराधना गरी मनाइन्छ । अत्यन्तै श्रद्धा र निष्ठाका साथ व्रत बसी अस्ताउँदो सूर्य र उदाउँदो सूर्यलाई पूजा गरी मनाइने यो पर्व वर्षको दुईपटक चैत र कात्तिक महिनामा मनाउने गरिन्छ । विधि विधानअनुसार मनाएमा आफ्ना सम्पूर्ण कष्ट हटेर जाने जनविश्वास रहिआएको छ ।

श्रद्धापूर्वक मनाइने छठ पर्वका लागि ढाकी, नाङ्लो, कोनियाँ, डगरी, उखु, केरा, हल्दी, अदुवा, निम्बु, मूला, नरिवल, पान, सुपारीसहितका फलफूल तथा माटोका हात्ती, ढकनी, घैला र नयाँ व्रतालुका लागि नयाँ कपडा, घाट सजाउनमा प्रयोग हुने लगायका सामग्रीको प्रयोग गर्ने गरिन्छ । रानीपोखरीमा उल्लासपूर्वक मनाइने यो पर्व २०७२ सालमा गएको भूकम्पपछि गौरीघाट, कमलपोखरी, विष्णुमती, नख्खु, गहनापोखरी, कुपण्डोललगायत कमलपोखरी, बागमती नदी किनारा, गौरीघाट, विष्णुमती किनार तथा यस्तै अन्य ताल तलाउमा गएर मनाइने गरिएको छ । यस पर्वले धार्मिक विश्वासका साथै पारिवारिक सुख र समृद्धि प्राप्त हुने मान्यता रहेको पाइन्छ ।

गौरीघाट छठ पूजा व्यवस्थापन समितिका अध्यक्ष अनिल सिंहले तराई केन्द्रित छठ पछिल्लो समय राजधानीसँगै अन्य क्षेत्र समुदायले मनाउँदा सामाजिक सद्भाव र एकता कायम भएको बताए । 'तराईका जिल्लामा मधेसी समुदायले मनाउनु यो पर्व पछिल्लो समयमा अन्य समुदायले पनि आस्थापूर्वक छठ पर्व मनाउने चलन बढेसँगै सांस्कृतिक विविधतामा एकता, सद्भाव बढाएको छ,' उनले भने ।

छठ पर्वमा व्रत गरे दुःख र दरिद्रताबाट मुक्ति पाइन्छ भन्ने जनविश्वास छ । यस पर्वमा जो व्रत बस्न सक्दैन, उनीहरूले व्रत गर्नेबाट कामना पूरा गराउने प्रचलन छ । *रासस*

## मंसिर ७...

पष्ठ १ बाट जारी

के हुन्छ भन्ने छ,' कोइरालाले भने, ' गणतन्त्र यसैका लागि ल्याएको हो त हामीले ?' मंसिर ७ गतेको विषयमा देशभर चर्चा रहेको समेत उनको भनाइ थियो । राजनीतिक नेतृत्व विभिन्न विषयमा चुकेका कारण जनता निराश भएकोले यसबारे सरकार अहिले नै सचेत बन्नुपर्ने कोइरालाको सुझाव छ ।

'भ्रष्टाचारको कुरा छ, दण्डहीनताको कुरा छ, जवाफदेहिताको कुरा छ, कतै न कतै हामी चुकेका छौं । यही कारणले जनता निराश छन्,' कोइरालाले भने ।

**राजावादीको पूर्व केन्द्रित प्रदर्शन**

पूर्वराजा ज्ञानेन्द्र शाह मंसिर ९ गते झापा जाने भएका छन् । उनी विर्तामोड नगरपालिका-१ मा रहेको इस्टर्न इम्पाएर कलेज अफ होटल म्यानेजमेन्ट कलेजको निमन्त्रणामा झापा जाने भएका हुन् । शाह पूर्व जाने भएपछि राष्ट्रिय प्रजातन्त्र पार्टीले आफ्ना नेता कार्यकर्तालाई त्यहाँ पुग्न आह्वान गरेका छन् ।

सोही दिन ज्ञानेन्द्रले कलेज प्रांगणमा पृथ्वीनारायण शाहको पूर्णकदको सालिक अनावरण गर्ने कार्यक्रम रहेको शाहका संवाद सचिव फणिराज पाठकले शनिबार सूचना जारी गरी जानकारी दिएका छन् ।

राप्रपा नेपालका अध्यक्ष कमल थापाले राजसंस्था र हिन्दू राष्ट्र स्थापना गर्न चाहने सबै पक्षलाई संघर्षमा जुट्न आह्वान गरेका छन् । शनिबार सामाजिक सञ्जालमा लेख्दै अध्यक्ष थापाले राजसंस्था र हिन्दू राष्ट्र स्थापना गर्न चाहने सबै पक्षलाई एउटै मोर्चामा आबद्ध भई निर्णायक संघर्षमा जुट्न आह्वान गरेका हुन् ।

अध्यक्ष थापाले सुरुदेखि नै हिन्दू राष्ट्र र राजसंस्थासहितको प्रजातन्त्रको एजेण्डा बोकेर हिँड्ने एकमात्र दल राप्रपा नेपाल भएको दाबी गरेका छन् । '२०६३ सालको कहालीलाग्दो अवस्थामा हिन्दू राष्ट्र र राजसंस्थासहितको प्रजातन्त्रको एजेन्डा बोकेर हिँड्ने एकमात्र दल राप्रपा नेपाल हो । संख्याको कमीले संविधानसभाबाट राजसंस्था र हिन्दू राष्ट्र स्थापना गर्न नसकेता पनि जनताको अभिमतबाट हिन्दू राष्ट्र र राजसंस्था पुनःस्थापना गर्न सक्ने संवैधानिक अधिकार सुनिश्चित गर्ने कामको श्रेयसमेत राप्रपा नेपाललाई रहेको छ । यही अधिकारको कारण राजसंस्था र हिन्दू राष्ट्रको पक्षमा आवाज उठाउने र स्थापना गर्ने हक जनताले पाएका छन्,' थापाले भनेका छन् ।

## 'सहयोगको...

पष्ठ १ बाट जारी

युवा, बालबालिका, जलवायु सशक्तीकरण, जलवायु परिवर्तनका असर कम गर्न छ बुँदामा केन्द्रित रहेर विज्ञ समूह गठन गरी सुझाव गरिएको जानकारी दिए ।

यस सम्मेलनमा नेपालले जलवायु वित्त, अनुकूलन, जलवायुजन्य हानि र नोक्सानीका लागि कोषको व्यवस्थापन, हिमाल र पर्वतीय मुद्दा, उत्सर्जन कटौती र समावेशीतालगायत मुद्दालाई प्राथमिकतामा राखेको छ ।

कार्यक्रममा प्रधानमन्त्री दाहालले खुम्बु क्षेत्रको विकास तथा विस्तार, व्यवस्थित पर्यटकीय गतिविधि सञ्चालन, सगरमाथाको सुरक्षा र सफाइलाई प्रभावकारी रूपमा लैजान सरोकारवालाको सहभागितामा आवश्यक कार्यविधि बनाइने विश्वास दिलाए । कालापत्थर क्षेत्रमा दीप प्रज्ज्वलन हस्तान्तरण र झण्डोत्तलन गर्नु आफैंमा पनि महत्त्वपूर्ण रहेको उल्लेख गर्दै उनले संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले खुम्बु क्षेत्रमा गरेको भ्रमणले विश्वको ध्यानाकर्षण भएको बताए ।

'महासचिव गुटेरेसले खुम्बु क्षेत्रमा पुगेर जलवायु परिवर्तनको असर प्रत्यक्ष हेरेको, यहाँका जनता र प्रतिनिधिसँग अन्तर्क्रिया गरेर जलवायु परिवर्तनका कारण यस क्षेत्रमा परेको समस्यालाई विश्वव्यापीकरणका लागि महत्त्वपूर्ण योगदान मिलेको छ,' उनले भने ।

आफूले संयुक्त राष्ट्रसंघको ७८औं महासभालाई अमेरिकाको न्युयोर्कमा सम्बोधन गर्दा नेपालमा जलवायु परिवर्तनको चर्को असरका बारेमा प्रस्टसँग राखेको जानकारी दिँदै प्रधानमन्त्री दाहालले जलवायुसम्बन्धी अन्य मञ्चमा पनि नेपालले प्रस्टसँग कुरा राख्ने विश्वास दिलाए । 'महासभामा मैले हामीले गर्दै नगरेको कामका निम्ति मूल्य चुकाउनुपर्ने विडम्बनाका बारेमा स्पष्टसँग राखेको छु, यसलाई प्रत्यक्षरूपमा अनुभूत गर्न र उक्त मुद्दालाई विश्वव्यापीकरण गर्न राष्ट्र संघका महासचिव गुटरेससँग अपिल गरेँ,' उनले भने, 'मेरो पहिलो निमन्त्रणामै राष्ट्रसंघका महासचिव तुरुन्तै नेपाल आउनुभयो, खुम्बु क्षेत्रको अवलोकन र स्थानीयसँग अन्तर्क्रिया गर्नुभयो, यो निकै महत्त्वपूर्ण छ ।'

प्रधानमन्त्री दाहालले खुम्बु क्षेत्रमा पर्यटकीय पूर्वाधार निर्माणमा सरकार गम्भीर रहेको बताए । उनले विश्वमाझ नेपालाई चिनाउने सगरमाथा र लुम्बिनीको संरक्षण र प्रवर्द्धन गर्न सरकारले भरमग्दुर प्रयार गर्ने बताए ।

'खुम्बु क्षेत्रमा सडक पूर्वाधार निर्माणलाई मैले गम्भीर रूपमा लिएको छु, केही समय अगाडि अर्थ मन्त्रालयबाट चतरादेखि लुक्लासम्म सडक निर्माण गर्ने गरी बजेट विनियोजन भएको छ, सडक निर्माणलाई तीव्र बनाउन सरकारले विशेष ध्यान दिनेछ,' प्रधानमन्त्री दाहालले भने । स्थानीय तहले पनि विभिन्न ढंगबाट सो क्षेत्रमा ट्र्याक खोल्ने काम भएकामा आभार प्रकट गर्दै उनले उक्त सडकलाई स्तरोन्नति गर्न सरकारले सहयोग गर्ने बताए ।

विश्व समुदायमाझ नेपालको प्रतिष्ठा अभिवृद्धिका लागि खुम्बु क्षेत्रले भूमिका अतुलनीय रहेको उनको भनाइ छ । नेपालको पर्यटन विकासमा पनि कहिल्यै नटुंगिने अनन्त स्रोतका रूपमा सगरमाथा र लुम्बिनी रहेको बताउँदै प्रधानमन्त्री दाहालले सगरमाथा र लुम्बिनी नेपालका राष्ट्रिय गौरव र ऐतिहासिक धरोहर भएका बताए । *रासस*

## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

मंसिर ०३ गते २०८०, आइतबार

| | |
|---|---|
| मेष | कूटनीतिक नियोगको सहयोग मिल्ला । |
| वृष | काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ । |
| मिथुन | राजनैतिक कार्यमा पनि सफलता मिल्नेछ । |
| कर्कट | एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । |
| सिंह | नजिकको व्यक्तिबाट कार्य पुरा हुनेछ |
| कन्या | अरुले आलोचना पनि गर्न सक्छन् । |
| तुला | आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । |
| वृश्चिक | आदर्श व्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ । |
| धनु | धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । |
| मकर | स्वास्थ्यमा गडबडी, दैनिक कामकाजमा असर पर्नसक्छ |
| कुम्भ | पार्टी पिकनिक तथा सेमिनारमा सहभागी भइएला । |
| मीन | परोपकारमा रुचि बढ्नेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

मंसिर ०३ गते, २०८०, १९ नोभेम्बर, २०२३

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३२.९० | १३३.५० |
| युरो | १ को | १४१.१४ | १४१.७८ |
| पाउन्ड स्टिर्लङ | १ को | १६३.४१ | १६४.१४ |
| स्विस फ्रेन्क | १ को | १४७.७० | १४८.३७ |
| अस्ट्रेलियन डलर | १ को | ८५.१२ | ८५.५१ |
| क्यानाडियन डलर | १ को | ९७.७५ | ९८.१९ |
| सिंगापुर डलर | १ को | ९७.५५ | ९७.९९ |
| जापानी येन | १० को | ८.९१ | ८.९५ |
| चिनियाँ युआन | १ को | १८.२१ | १८.२९ |
| साउदी अरब रियाल | १ को | ३५.४३ | ३५.५९ |
| कतारी रियाल | १ को | ३६.४४ | ३६.६० |
| थाई भाट | १ को | ३.६८ | ३.६९ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.१८ | ३६.३५ |
| मलेसियन रिङेट | १ को | २८.२० | २८.३३ |
| दक्षिण कोरियन वन | १०० को | ९.९४ | ९.९९ |
| स्विडिस क्रोनर | १ को | १२.२२ | १२.२७ |
| डेनिस क्रोनर | १ को | १८.९३ | १९.०१ |
| हङकङ डलर | १ को | १६.९९ | १७.०७ |
| कुवेती दिनार | १ को | ४२९.९६ | ४३१.९० |
| बहराइन दिनार | १ को | ३५२.५१ | ३५४.१० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# छठको उल्लास













१) छठ पूजाका लागि झिलिमिलिले श्रृंगारिएको वीरगञ्जको घडिअर्वा पोखरीको छठ घाट ।

२) छठ पूजाका लागि झिलिमिलिले श्रृंगारिएको जनकपुरधामको पवित्र सरोवर गंगासागर घाट ।

३) सप्तरीको राजविराजस्थित हटियामा छठ पूजाका लागि नरिवल र पूजा सामग्री बिक्री गर्दै एक बालक ।

४) छठ पर्वका लागि शृंगारिएको नेपालगञ्जको बागेश्वरी मन्दिर ।

*तस्बिरहरू: रासस*

# छठ मनाउन सजाइयो पोखरी

**वीरगञ्ज (पर्सा)–** तराई मधेसका जिल्लामा आज भव्यतापूर्वक छठ पर्व मनाइँदै छ । यसका लागि सम्पूर्ण तयारी पूरा भएको छ । छठका लागि वीरगञ्जका विभिन्न पोखरीलाई स्थानीयवासीको सहयोगमा विशेष रूपमा सिंगारिएको छ ।

कतिपय पोखरीका घाटहरूमा सरसफाइ गरिएको छ । तराईमा छठको आफ्नो छुट्टै महत्त्व रहेको छ । मिथिलाञ्चलको पौराणिक महत्त्व बोकेको वीरगञ्जस्थित घडिअर्वा, नगवा, छपकैया, श्रीपुर पोखरी तथा रानीघाटसहितका पोखरीलाई स्थानीयवासीको सक्रियतामा सरसफाइ गरी सजाइएको छ ।

प्रत्येक वर्ष छठ मनाउनेको संख्यामा वृद्धि भइरहेकाले छठका लागि आवश्यक पर्ने सामानको जोहो गर्न किनमेल गर्नेको बजार हरूमा निकै भीड देखिन थालेको छ । विगतभन्दा यस वर्ष छठमा आवश्यक पर्ने सामानको मूल्य वृद्धि भएको स्थानीयवासीले बताएका छन् । यो वर्ष भोलि (आइतबार) षष्ठीका दिन विधिपूर्वक साँझको अर्घ्य दिने परम्परा भए पनि यसको मुख्य विधि भने हिजैदेखि निष्ठापूर्वक सुरु भइसकेको छ ।

छठ पर्वको पहिलो दिन शुक्रबार व्रतालुहरूले नहायखाय गरी पर्वको आरम्भ गरेका थिए । छठको दोस्रो दिन शनिबार खरना विधि गरियो । खरनालाई पापको क्षय हुने दिन पनि भनिन्छ । खरनाका दिन राति गाईको गोबरले लिपपोत गरी अरबा चामलको पीठोबाट तयार पारिएको झोलले भूमि सुशोभित गरेर व्रतालुहरू दिनभरि उपवास बस्ने पण्डित रामकुमार शास्त्रीले बताए ।

'बेलुकी पख चन्द्र दर्शन गरिसकेपछि माटोको नयाँ चुल्होमा र माटोकै नयाँ भाँडोमा सक्खर, दूध र चामलको खीर पकाइन्छ,' उनले भने, 'यस्तो खीर केराको पातमा राखेर छठीमातालाई चढाइन्छ र चढाइसकेपछि व्रतालुले प्रसादका रूपमा ग्रहण गर्दछन् ।' यसलाई परिवारका अन्य सदस्यले पनि प्रसादका रूपमा ग्रहण गर्ने चलन रहेको शास्त्रीले बताए । उनका अनुसार अर्को दिन बेलुकी अस्ताउँदो सूर्यलाई अर्घ्य दिन व्रतालुहरूले रातभरि जाग्राम बसी भोलिपल्ट बिहान उदाउँदो सूर्यलाई फेरि अर्घ्य दिएर व्रत समाप्त हुन्छ ।

पारिवारिक सुख, शान्ति, रोगबाट मुक्ति तथा विभिन्न मनोकांक्षा पूरा होस् भन्ने उद्देश्यले श्रद्धापूर्वक मनाइने छठ पर्वका अवसरमा बजार तथा पोखरी, घाटहरूमा भीड लाग्ने गर्छन् । अहिले गाउँगाउँ घरघरमा छठ पर्वको गीत गुञ्जिन थालेका छन् । योसँगै सूर्यषष्टी अर्थात् छठ पर्व प्रारम्भ भएको छ । सूर्यको आराधनाबाट सुख, समृद्धि र सन्तान प्राप्ति एवं चर्मरोग निको हुने जनविश्वास रहेको छ ।

ज्योतिष शास्त्रका आधारमा छठ पर्वको समयमा ब्रह्माण्डमा सूर्य दक्षिणायनतिर हुने भएकाले कन्या राशि समय पर्ने र यस बेलालाई सूर्य प्रकाश प्रखर तथा प्रभावकारी र मानवका लागि फलदायीसमेत मानिएको पण्डित शास्त्रीले बताए । छठ पर्वको मुख्य प्रसादका रूपमा रहेको फलफूल, मिठाई, अदुवा, उखुलगायत बाँसबाट बनेका अन्य सामग्रीको किनमेल गरिन्छ ।

छठ पूजाका लागि नगर क्षेत्रमा विशेष सुरक्षा व्यवस्था मिलाइएको पर्साका प्रहरी उपरीक्षक कोमल शाहले बताए । छठका लागि तयार पारिएका घाटहरूमा सुरक्षाका लागि थप प्रहरी परिचालन गरिने उनको भनाइ छ । चार दिनसम्म मनाइने यो पर्वमा व्रतालु महिलाले भोजनमा माछा, मासु, लसुन, प्याज, कोदो, मसुर आदि परित्याग गरी व्रत बस्ने गर्दछन् ।

महाभारतअनुसार द्रोपतीसहित पाँच पाण्डव अज्ञात बासमा रहँदा उक्त गुप्तबास सफल होस् भनी सूर्य देवतालाई आराधना गरेको उल्लेख गरिएको छ । उक्त समयमा पाण्डवहरू मिथिलाको किरात राजाका राज्यमा बास बसेका थिए । लोकगाथाअनुसार गुप्तबास सफल भएपछि सो समयदेखि छठ पर्व मनाउने परम्परा चलिआएको जनविश्वास रहेको पण्डित शास्त्रीले बताए ।

अर्कोतिर सूर्य पुराणअनुसार सर्वप्रथम अत्रिमुनिका पत्नी अनसुइयाले छठ व्रत गरेपश्चात् अटलसौभाग्य र इच्छा पूरा भएपछि त्यही दिनदेखि छठ पर्वको सुरुआत भएको उनको कथन छ । छठ पर्व मनाउनाको पछाडि धार्मिक मान्यता, वैज्ञानिक, ज्योतिषसम्बन्धी तत्त्वहरू पनि त्यतिकै महत्त्व राख्ने शास्त्रीले बताए । 'जसअनुसार सूर्य तत्त्वबाट आफ्नो ज्ञानको अभिवृद्धि गरी जनकल्याणका लागि महत्त्वपूर्ण ठानिन्छ । भनिन्छ भौतिक विकास सूर्यमाथि नै आधारित भएकाले रूख, बिरुवा, वनस्पति, प्राणी, जीवजन्तु सबैको अस्तित्त्व सबै सूर्यमाथि निर्भर भएको हुन्छ,' उनले भने ।

### घडिअडर्वा पोखरीमा छठघाट निर्माण

छठ पर्वका लागि वीरगञ्जस्थित घडिअडर्वा पोखरीलाई दुलहीझैँ सिंगारिएको छ । छठघाटको व्यवस्थापन र सजावटको काम पूरा भएको छठ पूजा व्यवस्थापन समितिले जनाएको छ ।

यो वर्ष घडिअडर्वामा छठ घाटको सजावट र व्यवस्थापनमा गर्न करिब १५ लाख ४१ हजार रूपैयाँ खर्च हुने अनुमान गरिएको समितिका अध्यक्ष दिलीप साह कानुले जानकारी दिए । टेन्टपण्डाल, परिसरबाहिरको बत्ती सजावट, भिडियोग्राफी, पुरस्कार, सरसफाइलगायत काममा खर्च भएको उनको भनाइ थियो ।

छठघाटमा व्रतालु, दर्शनार्थी र भक्तजनको सुरक्षा सहजताका लागि नेपाल प्रहरी, सशस्त्र प्रहरी र म्यादी प्रहरी गरी ११० सुरक्षाकर्मी र घडीअर्वा स्पोर्ट क्लबका ५० जना स्वयंसेवक परिचालन गरिने अध्यक्ष कानुले बताए । उनका अनुसार छठघाट परिसरमा २० वटा सिसी टिभी क्यामरा जडान गरिएको छ ।

### छठ पर्वका अवसरमा रक्तदान

छठ पर्वका अवसरमा घडिअर्वा छठ पूजा व्यवस्थापन समितिले आयोजना गरेको रक्तदान कार्यक्रममा ५७ जनाले रक्तदान गरेका छन् । रक्तसञ्चार केन्द्रमा रगतको अभाव हुन नदिन र असहायहरूमा सहयोग पुऱ्याउने उद्देश्यले रक्तदान कार्यक्रम आयोजना गरिएको समितिले जनाएको छ ।

### विशेष सुरक्षा व्यवस्था

छठ पर्वका बेला हुन सक्ने आपराधिक गतिविधि नियन्त्रण गर्न वीरगञ्ज नगरक्षेत्रसहित जिल्लाभरि विशेष सुरक्षा व्यवस्था मिलाइएको छ । जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी उपरीक्षक कोमल शाहका अनुसार छठघाटमा सुरक्षाका लागि थप प्रहरीसमेत परिचालन गरिने छ ।

छठ व्रतालुहरू पूजा गर्न पोखरी, नदी, तलाउ लगायतका स्थानमा जाँदा चोरी, डकैती, लुटपाट हुनसक्ने भएकाले विशेष क्युआरटी टोली, मोबाइल गस्तीदेखि, स्ट्राइकिङ सहितका प्रहरी टोली परिचालन गरिने प्रहरी उपरीक्षक शाहले बताए । छिटो प्रतिक्रिया (फास्ट रिस्पोन्स)का लागि क्युआरटी अर्थात् 'क्विक रेस्पोन्स टिम' परिचालन गरिने र कुनै पनि घटना भएलगत्तै वीरगञ्ज महानगरमा पाँच मिनेटभित्र क्युआरटी टोली पुग्ने गरी व्यवस्था मिलाइएको उनले जानकारी दिए । *रासस*


## श्री मोतियाही सामुदायिक वन उपभोक्ता समूह

त्रि.न.पा. २ र १३, उदयपुरको

**काठ, दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

दोश्रो पटक प्रकाशित मिति: २०८०/०८/०३

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्र भित्र रहेको निर्माणधिन सगरमाथा विमानस्थलको क्षेत्रबाट उत्पादन भई पूर्वमा मोतियाही सामुदायिक वन, पश्चिममा आवादी, खेत तथा बाटो, उत्तरमा गाईघाट फत्तेपुर सडक र दक्षिणमा बैरागी खोला यति चारकिल्ला क्षेत्र भित्र त्रियुगा न.पा. २, मोतियाही घाटगद्दी स्थलमा विभिन्न लट बनाई राखिएको साल र अन्य जात समेत गरी गोलिया काठ थान २५६० को १८८६४.३८ क्यू. फिट, साल जातको बल्लाबल्ली थान ६४१ को २१९९.१७ क्य. फिट काठ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी गोप्य शिलवन्दी टेण्डरद्वारा बिक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । योग्यता पुगेका इच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र खरिद गरी १६ औं दिनको ४:०० बजे भित्र प्रत्येक लटको छुट्टाछुट्टै सिलवन्दी वोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । सो दिन सार्वजनिक बिदा परेमा सोको भोली पल्ट सो सिलबनदी बोलपत्र दाखिला गर्न सकिनेछ । यस सम्वन्धि विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोर ाको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको व्यहोरा समेत अनुरोध छ ।

**श्री मोतियाही सामुदायिक वन उपभोक्ता समूह**
त्रि.न.पा. २ र १३, उदयपुर
सम्पर्क: १. रामश्रेष्ठ चौधरी: ९८४२८४३८९२ (अध्यक्ष)
२. एगा प्रसाद खतिवडा: ९८६२९२९५८६ (सचिव)



## लिलामी सम्बन्धी सूचना

**पूनः प्रकाशित सूचना मितिः २०८०/८/३**

नेपाल रेडक्रस सोसाइटी, जनशक्ति विकास प्रतिष्ठान अन्तर्गत राष्ट्रिय प्रशिक्षण केन्द्र बनेपामा आवास प्रयोजनाका लागि प्रयोग भइसकेको तर पूनः प्रयोगमा ल्याउन सकिने अवस्थामा रहेका साधारण कम्बल, सिरक, सिरकको खोल, तन्ना, तकिया खोल, तकिया, तौलिया मूल्य बढाबढ मार्फत लिलाम गरिने भएकोले सूचना प्रकाशित मितिले सात दिन भित्र रु.२००/- भुक्तानी गरी (पछि फिर्ता नहुने) फर्म खरिद गरी इच्छुक फर्म वा व्यक्तिबाट लिलाम सम्बन्धी सिलबन्दी प्रस्ताव पेश गर्नु हुन सम्बन्धित सबैलाई सूचित गरिन्छ । व्यक्तिको हकमा नागरीकताको प्रतिलिपि तथा फर्मको हकमा फर्मदर्ता प्रमाणपत्र, प्यान/भ्याट दर्ता प्रमाणपत्र तथा करचुक्ता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुहुन अनुरोध छ ।

**नेपाल रेडक्रस सोसाइटी**
**केन्द्रीय कार्यालय**
**रेडक्रस मार्ग सोल्टिमोड, काठमाण्डौं**
**फोन :५३७०६५०/४२७०१६७**



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : OSLO COFFEE RESTAURANT COMPANY

पूर्व स्वीकृति मिति २०८०/०८/०२ | LT. No.295121 | चलानी नं. ६०२१०१२२

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | KD | ने.रू. | | | | | | | |
| 1 | SWEET MAKER | 7 | 0 | 150 | ६५२६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० मंसिर १० गते (26th Nov. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३०१/०५९/०६०

**SUPREME OVERSEAS PVT. LTD.**
Koteshwor-35, Kathmandu, Nepal. Phone: +977-1-4612909, Mob No.: 9851141464 | Fax: 01-4600047
Email: supremeovs301@gmail.com, Web: www.supremeoverseas.com.np

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# निराशालाई सम्बोधन गर

अर्थतन्त्र ओरालो लागेसँगै जनतामा निराशा छाएको छ । जनतामा नेताहरूको कार्यशैलीलाई लिएर भन्दा पनि आर्थिक मन्दीका कारण निराशा छाएको देखिन्छ । व्यावसायिक क्षेत्रको प्रगति आशलाग्दो छैन । त्यसैले होला अहिले व्यवस्थाविरुद्ध एकप्रकारको घृणा फैलँदो छ । युवाहरू विदेशिने क्रम पहिलेको भन्दा फेरिएको छ । पहिले श्रम शक्ति विदेशिन्थ्यो, तर रेमिटचान्स भित्रिन्थ्यो । अहिले विद्यार्थीहरू बाहिरिने क्रम बढेको छ । उनीहरूसँगै अभिभावकको कमाई विदेशिँदै छ । हरेक क्षेत्रको व्यापार ओरालो लागेको छ ।

यस्तो अवस्थामा सत्तारुढ दल र प्रतिपक्षी दल यतिबेला के गर्ने भन्ने विषयमा रणभुल्लमा छन् । सरकारले विकासको ठोस कार्यक्रम ल्याउन सकेको छैन । बजेट नहुँदा काम हुन सकेको छैन । अर्थशास्त्र पढेका अर्थमन्त्री डा. प्रकाशशरण महतले आफूले कबुल गरेको योजनाअनुसार काम गर्न सकेका छैनन् । राष्ट्र बैंक र राष्ट्रिय योजना आयोगको काम केही देखिएको छैन । वैदेशिक लगानी ठप्प छ । यस्तो अवस्थामा सरकारलाई कसरी काममा लाग्न प्रेरित गर्ने र कसरी खबरदारी गर्ने भन्ने विषयमा प्रमुख प्रतिपक्षी दल नेकपा एमाले अनभिज्ञ देखिन्छ ।

सत्ता परिवर्तनको कुरा गरौं, अंकगणितले दिँदैन । सरकारको विरोध गरुँ, अहिले देशको अवस्था नै नाजुक छ । यस्तो अवस्थामा अहिले प्रमुख प्रतिपक्षी दल एमाले सत्ताविरुद्ध होइन आफूलाई अभियन्ता बताउने दुर्गा प्रसाईंविरुद्ध पौठेजोरी खेल्ने कित्तामा पुगेको छ । एमालेले आफ्नो प्रतिद्वन्द्वी बिर्सेर हो वा आफू कमजोर भएको प्रमाणित गर्न ? मंसिर ७ गते मेडिकल व्यवसायी प्रसाईंसँग आफ्नो कार्यकर्तालाई आमनेसामने गराउँदै छन् । आफ्ना अध्यक्ष केपी शर्मा ओलीविरुद्ध नानाभाँती भनेकोमा एमाले नेता कार्यकर्ताको टाउको दुख्नु सामान्य नै भयो । तर मोसो दल्ने र प्रतिकारमै उत्रनु अचम्मलाग्दो विषय बनेको छ । यो विषयले अहिले सत्तामा रहेका दलहरू नेपाली कांग्रेस, माओवादी केन्द्रलाई हाइसञ्चो भएको छ ।

सरकारविरुद्ध हुने आन्दोलनको प्रतिकार प्रतिपक्षले गर्ने भएपछि सरकारलाई जतिको मज्जा कसलाई छ र ? कार्यसम्पादनमा सरकारको खोट देखाएर सरकारलाई सही बाटोमा हिँडाउनुको साटो यसरी आफैं-आफैं भिड्न थालेपछि कसले के भन्ने ? यद्यपि, दुई पक्षबीचको झडपमा हुनसक्ने सम्भावित खतरालाई कम गर्न सुरक्षा तयारी भने सरकारको जिम्मामै पर्छ । यस विषयमा दाहाल सरकारले तयारी थालिसकेको छ । जनता चरम निराशामा छन् भन्ने कुरा सरकारले बिर्सनुहुन्न । सानो झिल्कोले डढेलोको रूप लिन्छ । त्यसैले यो प्रदर्शनलाई सरकारले निराशाको एक रूपका लिएर यस विषयको सम्बोधनका लागि चाँडै पहल गरोस् ।

## मननयाग्य

### चाणक्य नीति

रथ रोकिनासाथ चाणक्य ओर्लिए, साथै शकटार पनि शकटारसँगै उनले राजमहलमा प्रवेश गरे । पहरीले शकटारलाई अभिवादन गरे, राजदरवारमा अतिथिहरू बस्ने आसनपट्टि चाणक्यलाई बसाले । शकटार आफू स्वयंम् भने राजकीय व्यक्तिपट्टिको पंक्तिको अलग आसनमा बसे ।

रातो पहिरनमा सजिएका कम उमेरका युवतीने राजदरवारको व्यवस्था गरिरहेका चाणक्यले देखे पातलो बस्त्र पहिरन र तिनका चञ्चल यौवनले राजमहलमा बसेका व्यक्ति र आउने जानेलाई आकर्षित पारिरहेका थिए । केही समयपछि मुख्य प्रहरीले घोषणा गर्‍यो-मगधका शक्तिशाली महाविद्वान्, महामात्य राक्षस आउँदैछन् । राक्षसको प्रवेश, आयुको प्रभाव उसमा थिएन । अग्लो शरीर ठुलो उठेको निधार, लामो केश, तेजिला आँखा राजषि पहिरनले गर्वित हिँडाइ । सतर्क दृष्टिले उनले सबैतिर हेरे नन्दका आसनको छेउमा रहेको अगाडिको मुख्य आसनमा बसे ।

केही समयपछि फेरि घोषणा भयो-राज्यकिशोरमणिमगधाधिपति महाराज महापद्मानन्दको सवारी हुँदैछ । नन्दको प्रवेशमा सबै दरबारिया उभिए । सेतो कलाप, भद्दा शरीर, लोलाएका आँखा, गलामा मोती र मणिकका माला, शिरमा रत्नजडित मुकुट, खुट्टा लर्बराउँदै दरबारमा नन्दको प्रवेश भयो । उनका अगल-बगलमा नवयौनाहरू उत्तेजक पहिरनमा सजिएर हिँडिरहेथे । दरबारको बीचमा दिव्य सिंहासनमा नन्द बसे । सँगै आएका युवतीले मखमलको पंखा लिइ अलगबगलबाट हम्कन लागे । एउटी पातलो कपडा पहिरिएकी मोहिनी मूर्तिले सुनका भाँडामा मदिरा खन्याएर नन्दतिर बढाई समाउनसाथ सबैले ताली पिटे । त्यसपछि एउटी सुन्दरीको प्रवेश भयो-पूर्णिमाका चन्द्रमाजस्तै चम्किने, मुखमण्डल, मदिराले लट्ठ भएजस्ता दुई आखा, कालो बादलजस्तो केशरासीद्वारा आफ्नो सौन्दर्य उनी स्वयम् प्रस्तुत गरिरहेकी छिन् । उनका दुई पोटिला स्तन, पातलो कम्मर, पुष्ट नितम्ब सबैलाई आकर्षित पार्न पर्याप्त थिए ।

चिल्लो भुईमा ती सुन्दरी माछा जस्तै उफ्रिकी नाचिरहेकी छिन् । उनको शरीरमा छैन भन्ने भान परेको छ । धेरै नाचिक थाकेकी ती सुन्दरीले राजालाई ढोगिन ।

# टिकटक प्रतिबन्धको आवश्यकता र प्रभाव



डा. केदार कार्की

सामाजिक विकृतिहरु सुधार गर्ने कुनै पनि प्रयासलाई राज्यको अन्यायपूर्ण दमनकारी कार्यहरुले प्रतिस्थापन गर्नु हुँदैन । तसर्थ सरकारले घृणित भाषण वा जातिवाद वा जातीयवाद वा त्यस्ता समाज विरोधी तत्वहरु के हो भनेर स्पष्टरुपमा परिभाषित गरी त्यस्ता अपराध गर्ने कानुनी परिणामहरु खुलासा गर्नुपर्छ । यस्तो अवस्थामा सरकारविरुद्ध निराधार आक्रोश पोखेर पनि नागरिकलाई सजाय दिने नासदक प्रहरी र प्रशासनलाई फराकिलो अधिकार दिने जोखिम हुन्छ ।

टिकटक (**चिनी:** डाँयिन; पहिले म्युजिकललीको रूपमा चिनिन्थ्यो) हाल विश्वको सबैभन्दा सफल चिनियाँ सोसल मिडिया अनुप्रयोगहरूमध्येको एक हो । सेप्टेम्बर २०१६ मा स्थापना भएदेखि टिकटकले व्यापक विस्तार लिएको देखिन्छ, विशेषगरी युवा प्रयोगकर्ताहरू एपमा 'लिप्सिङ-भिडियो' हेर्न, सिर्जना गर्न र टिप्पणी गर्न आकर्षित थिए । प्रयोगकर्ता संख्याको सन्दर्भमा यसको सफलताको बाबजुद टिकटकको प्रयोग बुझ्ने उद्देश्यले मनोवैज्ञानिक अध्ययनहरू दुर्लभ छन् । यस कथात्मक समीक्षाले आजसम्म उपलब्ध थोरै अनुभवजन्य साहित्यको विस्तृत सिंहावलोकन प्रदान गर्दछ । विशेषगरी टिकटकको दायराभित्र प्रयोग र सन्तुष्टि सिद्धान्तको अन्तरदृष्टि हाइलाइट गरिएको छ, र हामी टिकटक प्लेटफर्म डिजाइनका पक्षहरू पनि छलफल गर्छौं ।

टिकटक प्रयोगसँग सम्बन्धित धेरै अनुत्तरित अनुसन्धान प्रश्नहरूलाई ध्यानमा राख्दै अब टिकटक प्रयोगलाई अझ राम्रोसँग बुझ्नका लागि अनुसन्धान प्रयासहरूलाई बलियो बनाउने समय हो र यसको प्रयोगका केही पक्षहरूले हानिकारक प्रभावहरू निम्त्याउँछ कि निम्त्याउँदैन । टिकटक प्लेटफर्मको प्रयोगकर्ता विशेषताहरूको प्रकाशमा, यो अनुसन्धान अत्यधिक सान्दर्भिक छ किनकि टिकटक प्रयोगकर्ताहरू प्रायः किशोर किशोरीहरू हुन् र त्यसैले सम्भावित रूपमा कमजोर समूहबाट ।

भारत, क्यानडा, अस्ट्रेलिया, अमेरिकालगायत धेरै देशले सुरक्षाका कारण देखाउँदै एपमाथि प्रतिबन्ध लगाएका छन् । विशेषगरी नेपाल सरकारले अर्को मुद्दा (भिडियोमार्फत हिंसा प्रवर्द्धन र सामाजिक सद्भाव विथोल्ने) लाई हाइलाइट गर्‍यो । टिकटकका आलोचकहरूले एपले ठूलो मात्रामा डेटा संकलन गरेको आरोप लगाएका छन्, विशेषगरी अमेरिकामा, जहाँ नागरिकहरूका लागि कुनै सामान्य संघीय गोपनीयताको अधिकार छैन । कडा गोपनीयता कानुन भएका क्षेत्राधिकारहरूमा टिकटकले तिनीहरूको पालना गर्न असफल भएको व्यापक आरोपहरूको सामना गर्दछ । विश्वव्यापी बजारमा टिकटकको रूपमा र चिनियाँ बजारमा डाँयिनको रूपमा सञ्चालित छ ।

सिद्धान्ततः कसैलाई सूचनाहरूसँग कुनै समस्या हुनु हुँदैन। आखिर, टिकटक लामो समयदेखि एक विषाक्त साइट भएको छ, सायद जसलाई अक्सर 'सामाजिक नरक' भनिन्छ, त्यसको डिजिटल संस्करण । हरेक दिन, हजारौं सर्टहरू सोसल मिडिया साइटहरूमा प्रकाशित हुन्छन्, जसको एक महत्त्वपूर्ण भाग सामाजिक मापदण्डहरूको स्पेक्ट्रमको अस्वीकार्य पक्षअन्तर्गत पर्दछ । दुव्यवहारदेखि लिंगवादसम्म, जातीयवाददेखि जातिवादसम्म, गलत सूचनादेखि दुर्भावनापूर्ण जानकारीसम्म । हालैका महिनाहरूमा तराईभन्दा अगाडि नहेर्नुहोस्, जब मलंगवा, नेपालगञ्ज र धरानजस्ता सहरहरू सामाजिक सञ्जालको चपेटामा परेका छन् । साइटहरूले साम्प्रदायिक घृणायुक्त भाषणको प्रसारणलाई नियन्त्रण गर्ने भएकोले कर्फ्यु लागू गर्न बाध्य पारिएको छ ।

यसबाहेक, माइक्रो (भिडियो साइट) डाक्टर र वैज्ञानिकको रूपमा मुखौटा गर्दै क्वेक्सहरूद्वारा खतरनाक सामग्रीद्वारा संक्रमित भएको छ । यसले सामाजिक सद्भावमा अपूरणीय क्षति पुर्‍याएको छ र उत्पीडनको माध्यम बनेर नागरिकको जीवनलाई जोखिममा पारेको छ । यो काम टिकटक एक्लैले नभई फेसबुक र ट्विटरलगायतका धेरै सामाजिक सञ्जालहरूले पनि गरिरहेका छन् । नकारात्मकताको मुक्त प्रवाहको माध्यम बनेको छ । सामाजिक सञ्जाल क्षेत्रमा सामाजिक सञ्जालको निरन्तर गिरावटलाई ध्यानमा राख्दै सरकारको पहल सराहनीय छ ।

एन्ड्रोइड र एप्पलका लागि उपलब्ध टिकटक अनुप्रयोगले छोटा भिडियोहरू सिर्जना गर्न सक्षम बनाउँछ, जहाँ प्रयोगकर्ताहरूले प्लेटफर्मको एक धेरै प्रमुख विशेषताको रूपमा विभिन्न पप-गीतहरूमा प्लेब्याक-भिडियोहरू गर्न सक्छन् । यी तथाकथित 'लिप्सिङ-भिडियोहरू' अन्य प्रयोगकर्ताहरूसँग साझेदारी गर्न सकिन्छ, गैरव्यावसायिक उद्देश्यका लागि डाउनलोड गर्न सकिन्छ, टिप्पणी गर्न सकिन्छ र पक्कै पनि 'मन पर्यो'। टिकटकले प्लेब्याक-भिडियोहरू मात्र अपलोड गर्दैन तर प्रयोगकर्ताहरूले ठूलो मात्रामा भिडियो सामग्रीहरू पनि हेर्छन्। प्रयोगकर्ताहरूले 'चुनौतीहरू' पनि आह्वान गर्न सक्छन्, जहाँ उनीहरूले धेरै प्रयोगकर्ताहरूले के सिर्जना गर्नुपर्छ भनेर परिभाषित गर्छन्। फलस्वरूप, टिकटक प्रयोगकर्ताहरूले सामग्री प्रतिलिपि गर्छन् वा मूल भिडियोसँग अन्तर्क्रिया गर्छन्।

टिकटक युवाहरूलाई स्वास्थ्य सम्बन्धी जानकारी, सरकारबाट आधिकारिक जानकारी विज्ञप्ति, राजनीतिक छलफल, पर्यटन सामग्री, प्रत्यक्ष अनलाइन बिक्री र यहाँसम्म कि शैक्षिक सामग्रीबारे जानकारी गराउन एक शक्तिशाली च्यानल हुनसक्छ । रेडियोलोजीसँग सम्बन्धित वैज्ञानिक पेपरहरूमा भिडियो-पोस्टको पनि विश्लेषण गरिएको छ । स्पष्टरूपमा, युवा टिकटक प्रयोगकर्ताहरू पनि हानिकारक स्वास्थ्य सामग्री, धूमपान ई-सिगरेटसहितको सम्पर्कमा छन् । यसबाहेक, टिकटक भिडियोहरूबाट सिकेको स्वास्थ्य जानकारीले प्रायः आवश्यक मापदण्डहरू पूरा गर्दैन- जसरी कागजमा छलफल गरिएको छ । अन्त्यमा, त्यहाँ समस्या छ कि सामग्री सिर्जना गर्दा, बच्चाहरू/किशोरीहरूको निजी घरको शयनकक्षहरू जहाँबाट उनीहरूले टिकटक भिडियोहरू सिर्जना गर्छन्, गोपनीयता घुसपैठहरू प्रस्तुत गर्दै संसारमा देखिने छन् । टिकटक प्रयोगकर्ताहरूका धेरै स्पष्टरूपमा नकारात्मक पक्षहरू आफैंमा महत्त्वपूर्ण थप अनुसन्धानका पक्षहरू हुन् ।

यद्यपि, प्रयोगकर्ताहरूको संख्या उच्च छ र टिकटकले विश्वव्यापीरूपमा अत्यधिक सफल सामाजिक मिडिया प्लेटफर्मको प्रतिनिधित्व गर्दछ, हामीलाई टिकटक प्रयोगसँग सम्बन्धित मनोवैज्ञानिक संयन्त्रहरूको बारेमा आश्चर्यजनकरूपमा थोरै थाहा छ । धेरैजसो अनुसन्धानहरू प्रयोग र सन्तुष्टि सिद्धान्त लागू गर्ने प्रयोगकर्ताको अभिप्रायहरूमा अन्तरदृष्टि प्रदान गर्न सञ्चालन गरिएको छ। यद्यपि, यो सिद्धान्त टिकटकको प्रयोग बुझ्नका लागि धेरै महत्त्वपूर्ण छ, यो अझै पनि धेरै व्यापक र सामान्य छ । विशेषगरी टिकटकजस्ता प्लेटफर्मको अध्ययन गर्दा- जसले अहिले धेरै युवा प्रयोगकर्ताहरूको ध्यान आकर्षित गरिरहेको छ- थप विशिष्ट आवश्यकताहरू वा प्रयोगका फराकिलो आयामहरू र सन्तुष्टि सिद्धान्तका पक्षहरू (जस्तैः सामाजिक प्रयोग) लाई बढी दृढतापूर्वक विचार गरिन्छ । आवश्यकतासँग सम्बन्धित । किशोरकिशोरीहरूलाई बढी ध्यान दिनुपर्ने हुनसक्छ ।

एउटा यस्तो फोकस टिकटक प्रयोगको सन्दर्भमा आत्मसम्मानको अध्ययनमा थप जोड दिन हुनसक्छ । यस क्षेत्रबाहिर काम, उदाहरणका लागि, सम्भावित हानिकारक पक्षहरूमा अनुसन्धान, दुर्लभ छ तर महत्त्वपूर्ण हुने छ । विशेषगरी हामी विश्वास गर्छौं कि यो सत्य हो किनभने टिकटकले धेरै युवा प्रयोगकर्ताहरूलाई आकर्षित गर्दछ, जो सामाजिक मिडिया प्रयोगका हानिकारक पक्षहरूप्रति बढी संवेदनशील हुन्छन् । हामी विश्वास गर्छौं कि अनुसन्धानकर्ताहरूले पनि टिकटकको अध्ययन गर्न र ठूलो मात्रामा त्यसो गर्न आफ्नो अनुसन्धान ऊर्जा समर्पित गर्ने समय आएको छ । अन्य चिजहरूमध्ये, त्यहाँ पनि अध्ययन गर्न आवश्यक छ कि कसरी सक्रिय र निष्क्रिय प्रयोगले प्रयोगकर्ताहरूको कल्याणलाई असर गर्छ । यसको मतलब यो हो कि कसरी, किन र कसलाई यहाँ छलफल गरिएको प्रश्नहरू एउटै ढाँचामा सँगै अध्ययन गर्न आवश्यक छ, र यो डेटा व्यापार मोडेल र यसको इमर्सिभ प्लेटफर्म डिजाइनविरुद्ध गर्न आवश्यक छ ।

**टिकटक प्रतिबन्धित हुनुको कारण के हो ?**

टिकटक लत चिन्ताको विषय हो किनभने यसले प्रयोगकर्ताहरूलाई गलत जानकारी, बालसुरक्षा, मानसिक स्वास्थ्य, डेटा बिक्री, डेटा सुरक्षा, सामाजिक रूपमा अस्वीकार्य यौन अभद्रतालाई बढावा दिन्छ । स्वास्थ्य समस्याहरूको उच्च दरसँग जोडिएको छ । चिन्ता र डिप्रेसनको लक्षण बढाउँछ । यसका धेरै सम्भावित कारणहरू छन्, र हाई स्कूलका विद्यार्थीहरूबीचको अनुसन्धानले टिकटकको प्रयोग र डिप्रेसन र चिन्ताको बढ्दो लक्षणहरूबीचको प्रत्यक्ष सम्बन्ध फेला पारेको छ ।

**निष्कर्ष र दृष्टिकोण**

त्यहाँ एक चेतावनी छ, विगत धेरै दशकहरूमा प्रजातन्त्रको हाम्रो चेकर यात्राले देखाएको छ कि अधिकारीहरूले आफूले पाएको हरेक अवसरमा चिजहरू रोक्न उत्सुकताका साथ शक्ति प्रयोग गर्छन् । निरंकुश शासन ल्याएका राजा ज्ञानेन्द्रलाई बिर्सनुहोस्, प्रजातन्त्रको पक्षमा बोलेको भन्दै पत्रकार, नागरिक समाजका सदस्य र राजनीतिक नेताहरूलाई उत्पीडन र जेल सजाय भयो, गृह र सूचना मन्त्रीहरूले सेन्सरसिपमा ठूलो चासो देखाएकाले हामीले २००६ सालदेखि इतिहास दोहोरिएको देखेका छौं ।

सामाजिक विकृतिहरू सुधार गर्ने कुनै पनि प्रयासलाई राज्यको अन्यायपूर्ण दमनकारी कार्यहरूले प्रतिस्थापन गर्नु हुँदैन । तसर्थ सरकारले घृणित भाषण वा जातिवाद वा जातीयवाद वा त्यस्ता समाज विरोधी तत्त्वहरू के हो भनेर स्पष्टरूपमा परिभाषित गरी त्यस्ता अपराध गर्ने कानुनी परिणामहरू खुलासा गर्नुपर्छ । यस्तो अवस्थामा सरकारविरुद्ध निराधार आक्रोश पोखेर पनि नागरिकलाई सजाय दिने नासदक प्रहरी र प्रशासनलाई फराकिलो अधिकार दिने जोखिम हुन्छ । यसले नागरिक र सरकारबीच अविश्वासको चेन रियाक्सन सिर्जना गर्नेछ, जसलाई सरकारले बेवास्ता गर्नु राम्रो हुनेछ । जहाँसम्म टिकटकको सवाल छ, यसको सामग्रीले सामाजिक सद्भावमा बाधा पुर्‍याउने र गलत सूचना तथा विकृति फैलाउने सम्भाव्यताले समस्याग्रस्त छ । यसको विवेकपूर्ण नियमन आवश्यक थियो ।

**(लेखक वरिष्ठ पशु चिकित्सक हुन्)**

# छठ पर्व : सबैको मन जोड्ने सेतु

***केरवा ज फरल घउरस वोपर सुगा मडराय ।***
***मारबौ रे सुगवा धनुषस सुगा गिरे मुरझाय ॥***

अर्थात् छठ मातालाई चढाउने फलफूल जुठो हुनुहुँदैन । छठ मातालाई चढाउने केरा सुगाले नखाऊन् भनेर यो गीतबाटै सचेत गराउन खोजिएको छ ।

अहिले जनकपुरधामसहित तराई मधेसमा यस्ता लोकगीत गुञ्जिएका सुनिन्छन् । चार दिवसीय छठ पर्वको शनिबार खरना मनाइएको छ । छठ पर्वको पहिलो दिन शुक्रबार व्रतालुले नहाखाए अर्थात् नुहाएर मात्र चोखो बस्त्र धारण गरेर विनाप्याज, लसुनको अरबा चामल सेवन गरेका थिए । पहिलो दिन चतुर्थीलाई 'अरबा-अरबाइन' वा नहा खाय भनिन्छ । यो दिनमा व्रतालुले खोला, नाला, नदी, पोखरी र तलाउलगायतका जलाशयमा गई नुहाइधुवाइ गरेर शुद्ध भई चोखो खाना खाने गर्छन् ।

शनिबार पञ्चमी तिथि (दोस्रो दिन) लाई 'खरना' (संरक्षण अर्थात् पापको क्षय) भनिन्छ । जनकपुरधाम किशोरी नगरकी एक व्रतालु ज्योति झा बताउँछिन्, 'खरनाको दिन व्रतालु दिनभरि निर्जला बस्छन् र साँझपख नुहाएर चोखो भई आफ्नो कुलदेवता स्थापना गरेको पूजा कोठामा नयाँ चुलो स्थापना गरी प्रसाद बनाउने गरिन्छ ।'

प्रसादका रूपमा विशेषगरी पाकेको केरा र खीर लिने चलन छ । खरना विधिको सन्दर्भमा महेन्द्रनगरकी ७५ वर्षीया गीता झा भन्छिन्, 'आँगनमा गाईको गोबरले लिपपोत गरी अरबा चामलको पिठोबाट तयार पारिएको झोलले भूमि सुशोभित गरेर व्रतीले राति चन्द्रोदयपछि चन्द्रमालाई पायस (खीर) चढाई सोही प्रसाद ग्रहण गर्छन् । यस दिनपछि व्रतीले पूर्ण व्रत लिनुपर्दछ ।'

षष्ठीका दिन (तेस्रो दिन) गहुँ र चामल ओखल, जातो वा ढिकीमा कुटान-पिसान गरी त्यसबाट निस्केको पिठोबाट विभिन्न गुलियो खाद्य सामग्री तयार गरिन्छ । क्षीरेश्वरनाथ नगरपालिका-५ महेन्द्रनगरकी ६५ वर्षीया संगीतादेवी यादवले छठ पूजाका सामग्री तयार पार्दा विशेष चनाखो हुनुपर्ने बताइन् । उले भनिन्, 'पूजाका सामग्री चोखो र शुद्ध हुनुपर्दछ, जुठो हुन गए अनिष्ट हुने जनविश्वास छ ।' यस दिन जलाशयमा पुगी अस्ताउँदो सूर्यलाई अर्घ्य दिइने गरिन्छ ।

पर्वको चौथो दिन (अन्तिम दिन) लाई पारन (पार्वण) भनिन्छ । यस दिन बिहान उषाकालमा व्रत लिने पुनः जलाशयमा पुगी अघिल्लो दिन गरेको क्रम दोहोर्‍याउँछन् र प्रातःकालीन सूर्यलाई अर्घ्य दिई पर्वको समापन गरिन्छ । पण्डित लालबाबु झाका अनुसार अर्घ्य दिएपछि सूर्य पुराण श्रवण गर्ने चलन छ । व्रतीले छठ व्रतको कथा सुन्छन् र सुनाउँछन् । यस पर्वमा यथासम्भव टुप्पोमा पात भएको चारवटा उखुलाई गाडेर त्यसभित्र पूजा गर्ने चलन छ ।

जनकपुरका वरिष्ठ पत्रकार तथा मैथिली साहित्यकार रामभरोस कापडी भन्छन्, 'सत्य र अहिंसाप्रति मानवको रुचि बढाउने र सबै जीवप्रति सहानुभूति राख्न प्रेरित गर्ने चाड हो छठ।' छठ पूजाका लागि अहिले जनकपुरसहित सारा मिथिलाञ्चल झकिझकाउ हुने गरी सिंगारिएको छ ।

श्रद्धालुले जनकपुरधामको इतिहासमा वर्णित सरोवर गंगासागर, धनुषसागर, रामसागर, रत्नसागर, विहारकुण्ड, रुकमिणी सरोवर, अरगजा, महाराजसागर र अग्निकुण्डलगायतका कुण्ड, पोखरी, तलाउमा छठ पर्व मनाउने गर्छन्। दीपावली तिहारको रौनक नसक्दै यहाँ छठ पर्वको तयारी सुरु हुन्छ । पारिवारिक सुख, शान्ति, कल्याण, रोगबाट मुक्ति तथा मनोकामना पूरा हुने विश्वासका साथ सूर्यको उपासना गरी यो पर्व मनाइन्छ ।

अहिले तराई मधेसका हाट, बजार, सडक र गल्ली छठ पूजाका लागि आवश्यक पर्ने पूजा सामग्री, माटोबाट बनाइएको कलश, दियो, हात्ती, बाँसको चोयाबाट बुनिएको परम्परागत भाँडाकुँडा नाङ्लो, दाउरा, सुपली, छैंटी, ढकनीबाट सजिएका छन् । उखु, केराउ, अदुवा, केरा, मुलालगायतका कृषिउपजका साथै सख्खर मिसाएर बनाइएको गुलियो खीर, गहुँको पीठोबाट बनाइएको परम्परागत बुट्टे ठेकुवा, चिनीको चास्नीबाट बनाइएको बतासाले यहाँको भान्सा, भूमिसँग जोडिएको जनजीविका र जनस्वास्थ्यको त्रिकोणात्मक सम्बन्धलाई झल्काइरहेको हुन्छ ।

छठ पर्वका लागि माटाको भाँडाकुँडा कुम्हालेले बनाउँछन् भने बाँसको चोयाका भाँडाकुँडा डोम जातिले बुन्छन् । डोम समुदायले बुनेको बाँसको नाङ्लो, डगरा, सुपली, छैटी, बेना (हाते पंखा) छठ पर्वका लागि नभई नहुने हस्तकला सामग्री हुन् । यसरी सडक छेउमा लगाइएका बजारले तराईको संस्कृति, कृषि र विविधताले भरिपूर्ण यहाँको समाजबारे अध्ययन गर्ने खुला संग्रहालयकै काम गरिरहेको प्रतीत हुने समाजशास्त्री नागेन्द्र दुबे बताउँछन् । समाजशास्त्री दुबेका अनुसार छठ पर्वमा जात, धर्म, क्षेत्रीयतालाई ओझेलमा पार्ने गरी फरक-फरक समुदायका अनुहार जलाशयमा डुबुल्की लगाउँदै सूर्यदेवको उपासना गरिरहेको हुन्छ ।

'मूलरूपमा मधेसी समुदायको मुख्य पर्वका रूपमा मानिँदै आएको यस पर्वमा सिउँदोदेखि नाकको टुप्पासमेत ढाकिने गरी सिन्दूर लगाएर साडीको आँचलले शिर छोपेर आराधनामा व्यस्त पहाडी समुदायका गृहणी उल्लेख्यरूपमा देख्दा समाजको मीठो तस्वीरले जोकोहीको मन छुन्छ,' मैथिली संस्कृतिका जानकार तथा वरिष्ठ साहित्यकार डा. राजेन्द्र विमल बताउँछन् ।

अर्थशास्त्री डा. सुरेन्द्र लाभका अनुसार रोजगारीको ठूलो बजार मानिएको संघीय राजधानी काठमाडौंबाट दसैं मान्न मोफसल फर्किनेको लर्को लाग्दा छठ पर्वलाई नै मुख्य पर्व मान्ने तराईवासीले राजधानीको जनजीवन सहज बनाइदिइरहेका हुन्छन् । उनले भने, 'जब दसैं मान्ने सबैतिरबाट काठमाडौं फर्किन्छन् तब कामको जिम्मेवारी हस्तान्तरण गरेर छठ पर्वका लागि तराई मूलका व्यापारी, कर्मचारी, मजदुर, विद्यार्थी पोकोपन्तरो कसेर घरतर्फको यात्रा गर्ने हतारोमा हुन्छन् ।' सामाजिक विविधताले भरिएको हाम्रो समाजको चक्रलाई एउटा समुदायले अर्को समुदायलाई जिम्मेवारी हस्तान्तरण गर्दै रिले ओलम्पिक खेलमाझैं यसरी नै यात्रालाई निरन्तरता दिइरहेको उनको कथन छ ।

तराईवासी मधेसी समुदायको मुख्य पर्वको रूपमा रहेको यस छठ पर्व अहिले पछिल्लो समय आएर पहाडी समुदायमात्र नभएर मुस्लिम धर्मावलम्बीले समेत आस्था र भक्तिपूर्वक मनाउने गरेको देखिन्छ । यस पर्वको अर्को विशेषताको रूपमा सबै जातजाति, ठूला साना, धनी, गरिब सबै एकै ठाउँमा जम्मा भएर पूजाअर्चना गर्नु पनि हो । यस कारण वर्षौंसम्म भेटघाट नभएका बोलचाल नभएकासँग पनि भेटघाट तथा वार्तालाप हुने हुन्छ । तसर्थ छठ पर्व सबैको मन जोड्ने सेतुको रूपमा मान्न सकिन्छ ।

***-अजयकुमार साह/रासस***




**त्रिपालमा अस्पताल** | भवन भूकम्पका कारण भत्किएपछि त्रिपालमा सञ्चालित जाजरकोटको नलगाड नगरपालिका–७ स्थित १५ शैयाको नगर अस्पतालमा उपचाररत बिरामी।
*तस्बिरः हेमन्त केसी/रासस*

# प्रेम र समर्पणको पर्व : सामा–चखेवा

**महोत्तरी–** मधेस प्रदेशको प्राचीन मिथिला क्षेत्र सांस्कृतिक र धार्मिक चाडपर्वको उर्वर भूमिका रूपमा रहेको छ। यहाँ आपसी प्रेम र सद्भावका धेरै चाडपर्व तथा लोक परम्परा छन् । साउन पूर्णिमाको 'राखी,' कात्तिक शुक्ल द्वितीयाका दिनको 'भैयादुज'लगायत पर्वले दिदीबहिनी-दाजुभाइबीच प्रेम र समर्पण दर्शाउँछन् ।

'सामा-चखेवा' पनि दिदीबहिनी-दाजुभाइबीच प्रेम, सद्भाव र समर्पणको पर्वका रूपमा मनाइन्छ । यसलाई बोलीचालीमा 'सामा खेल' पनि भनिन्छ । मिथिलामा शनिबार कात्तिक शुक्ल पञ्चमीसँगै यो पर्व प्रारम्भ भएको छ । 'सामा-चखेवा' पञ्चमीदेखि पूर्णिमासम्म ११ दिन मनाइन्छ।

मैथिल परम्परामा प्रेम र समर्पणको प्रतीक मानिएको सामा-चखेवा पर्व आजदेखि सुरु भएको छ । कात्तिक शुक्ल पञ्चमी अर्थात् छठ पर्वको खरनाका दिन सुरु हुने यो पर्व शनिबार सुरु भई १० दिनसम्म चल्ने छ। एघारौं पूर्णिमाका दिन सामा-चखेवाको विसर्जन गरी समापन गरिन्छ।

दश दिनसम्म मिथिला क्षेत्रका दिदीबहिनीले आफ्ना दाजुभाइको दीर्घायुको कामना गर्दै सामा-चखेवा खेल्नेछन्। शनिबार बिहानै मिथिला क्षेत्रका दिदीबहिनीले समूहमा गीत गाउँदै गाउँको खेत तथा पोखरी र नदीका भीर (पाखा, कान्ला) मा गएर सामा-चखेवा बनाउन दाजुभाइको हातबाट माटो खन्न लगाई सो माटो मुछेर विभिन्न प्रकारका कलात्मक सामा-चखेवा (माटाका कलात्मक मूर्ति, आकृति) बनाएका छन् ।

सामा-चखेवा बेलुकासम्म सुकिसकेपछि त्यसमा विभिन्न प्रकारका रङ भरेर रंगीचंगी बनाइन्छ। रंगिसकेको चखेवा रातिको बेला रातो रङको बाँसको डालामा राखेर दियो बाली गाउँका प्रत्येक चोक, चौराहा, दोबाटो, चौबाटो, सार्वजनिक धर्मशाला, मन्दिर र छठघाटमा लगेर १० दिनसम्म गीत गाउँदै, नाच्दै चेलिबेटीले सामा-चखेवा खेल्छन् ।

समूहगत रूपमा चेलीबेटी तथा छोरीबुहारीले आ-आफ्ना दाजुभाइको सौर्यको बखान गर्दै गाइने गीत अत्यन्त प्रेमिल र कर्णप्रिय लाग्छन् । बहादुरीपूर्ण, परोपकारी र देशभक्तिका काम आफ्नै दाजुभाइले गर्नसक्ने भावका गीत गाइन्छ। ' गामके अधिकारी तोहे बरका भैया हो, भैया हात १० पोखरी खुनाइ दिय, चम्पा फूल लगाइदिय' (गाउँका मुख्य भनिने नै हाम्रा जेठा दाजु हुन्, हे दाइ, गाउँमा राम्रो पोखरी खनाएर मगमग बासना चल्ने चम्पा फूल छेउमा लगाइदिनोस्) । दाजुभाइको सौर्य बखान गर्दै दिदीबहिनीहरू पर्वभित्रका प्रत्येक रात सामा चखेवा खेल्दै समूहमै सबैले सबैको दाजुभाइको दीर्घायुको कामना गर्ने गर्दछन् ।

दश दिनसम्म सामा चखेवा खेलेर दिदीबहिनीले एघारौं दिनमा बिहानै सामा चखेवालाई पुनः बनाउने, रंगरोगन गर्ने, दिनभरि सुकाएर बेलुका दही चिउरा खुवाएर सोही सामा चखेवाबाट दाजुभाइको फार (पोल्टा) भराउने र दाजुभाइबाट सामा चखेवा फुटाउन लगाएर बाजागाजा, गीतनाचका साथ दिदीबहिनीले गाउँ/नगर बस्ती नजिकको वन वा जोतिएको खेतमा लगेर उक्त चखेवाको विसर्जन गर्छन् ।

मिथिला क्षेत्रका दिदीबहिनीका लागि सामा-चखेवा पर्व विशिष्ट रहँदै आएको छ । सामान्यतया विवाहित चेलीबेटी यो पर्व माइतमा मनाउने गर्दछन् । दाजुभाइ दिदीबहिनीबीचको प्रेमको प्रतीक मानिएको यो पर्व दाजुभाइ तथा दिदीबहिनी हुनेका लागि निकै महत्त्वपूर्ण मानिन्छ । आफ्ना दाजुभाइ/दिदीबहिनी नहुनेले नजिकका नाता पर्नेबाट पनि यो पर्व मनाउँछन् ।

सामा-चखेवा पर्व खेल्नाले दाजुभाइको आयु लामो हुने र दिदीबहिनीप्रतिको सम्बन्ध प्रगाढ हुने जनविश्वासअनुरूप प्राचीन मिथिलाका महोत्तरी, धनुषा, सर्लाही, सिरहा, रौतहट, सप्तरी, बारा, पर्सालगायत सीमावर्ती भारतीय जिल्लामा यो पर्व लोकप्रिय रहेको छ ।

यो पर्व करिब साढे पाँच हजार वर्ष पहिले द्वापर युगबाट सुरु भएको मिथिला संस्कृतिका जानकार बताउँछन् । द्वापर युगमा श्रीकृष्णकी छोरी सामाले चक्रधर (चखेवा)सँग प्रेम सम्बन्ध राखेको कुरा एउटा कुरौटे (चुगला)ले कृष्णलाई भन्दा छोरी स्वच्छन्द प्रवृत्तिकी भई भन्ने रिसमा दुवै (सामा र चकेवा) लाई चरा हुने श्राप दिएको पौराणिक कथा प्रसंग यो पर्वको परिवेश रहेको याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापीठ मटिहानीका मैथिली भाषा साहित्य विषयका उपप्राध्यापक मनोज झा मुक्तिले बताए ।

उनका अनुसार कृष्णका श्रापले चरा भएर विचरण गरेकी बहिनी सामा र उनका प्रेमी चखेवाको मुक्तिका लागि कृष्ण पुत्र साम्बले शिवजीको तपस्या गरेर पिता रिझाउन सक्ने वरदान पाई कृष्णसँग गरेको याचनाबाट उनीहरू श्रापमुक्त भई पूर्वयोनीमा आएर विवाह गर्न पाएका पौराणिक वर्णन रहेको पाइन्छ। दाजु साम्बको त्यही गुनलाई सम्झँदै सामाले गाएकी गीतको यादमा दाजुभाइप्रति कृतज्ञता जनाउन सामा-चकेवा पर्वको परम्परा बसेको मिथिला क्षेत्रकै प्रसिद्ध साहित्यकार डा. राजेन्द्रप्रसाद विमलको भनाइ छ ।

मिथिला क्षेत्रको यो पर्व पछिल्लो समयमा भने आकर्षण घट्दै गएको भन्दै बूढापाकाले चिन्ता व्यक्त गरेका छन् । नयाँ पिँढीका छोरीहरूले सामा खेलमा चासो नदेखाएपछि अबका केही वर्षपछि यो इतिहासमा मात्रै पढ्न पाइने विषय हुने हो कि भन्ने लाग्न थालेको नेपाल पत्रकार महासंघ महोत्तरी शाखाका पूर्वअध्यक्ष एवं प्रेस स्वतन्त्रता सेनानी ८४ वर्षीय वरिष्ठ पत्रकार विन्देश्वरीप्रसाद मण्डलले बताए ।

यो पर्वको महत्त्व कायम राख्न नयाँ पिँढीले चासो बढाउनुपर्ने पाका मैथिल (मिथिलाका बासिन्दा) को मत छ। अहिलेका युवा पुस्ताले सामाचखेवासहितका सांस्कृतिक पर्वका महत्त्व कायम राख्न यससँग जोडिएका परम्पराको संरक्षण र संवर्द्धनमा चासो बढाउनु आवश्यक रहेको जलेश्वर-६ बखरीका महेश्वर रायको भनाइ थियो । *रासस*

## जाजरकोटमा चिसोले थप तीनको मृत्यु

**जाजरकोट (प्रस)–** चिसोका कारण जाजरकोटमा थप तीन जना वृद्धको ज्यान गएको छ । भूकम्पका कारण घरमा क्षति पुगेपछि त्रिपालमा बस्दै आएका जुनीचाँदे गाउँपालिका-४ लुहादहकी ८९ वर्षीया सुगिली नेपाली, बारेकोट गाउँपालिका-१ रामीडाँडाका ७० वर्षीय डुमे पुन र छेडागाड नगरपालिका-१३ थानवाडाकी ५६ वर्षीया मनसरी कामीको चिसोका कारण मृत्यु भएको हो ।

डुमे दमका दीर्घरोगी पनि थिए । त्रिपालभित्रको बसाइ र अत्यधिक चिसोको काण उनको ज्यान गएको बारेकोट गाउँपालिका अध्यक्ष वीरबहादुर गिरीले बताए । मनसरी दमकी दीर्घरोगी भएको र त्रिपालको चिसोले दम बढेपछि उनको ज्यान गएको छेडागाड नगरपालिकाकी उपप्रमुख चन्द्र थापाले बताइन् ।

त्रिपालमुनिको बसाइका कारण बालबालिका, सुत्केरी, दीर्घरोगी र वृद्धवृद्धा बढी प्रभावित भएका छन् । बालबालिका र वृद्धवृद्धामा श्वासप्रश्वाससम्बन्धी समस्या देखिन थालेको छ। यसअघि गत साता नलगाड भेरी र बारेकोटमा गरी चिसोका कारण चारजना दीर्घरोगीको ज्यान गएको थियो । एक साताभित्रै चिसोले सात जना वृद्धवृद्धाको ज्यान गइसकेको छ ।

## जीप दुर्घटना हुँदा एक जनाको मृत्यु, पाँच घाइते

**बैतडी (प्रस)–** दोगडाकेदारमा जीप दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा दोगडाकेदार-३ गाउँपालिका-८ कालागाउँका ३५ वर्षीय अम्मर विष्ट रहेका खोचलेक प्रहरीचौकीका इञ्चार्ज नवलसिंह भाटले जानकारी दिए । विष्टको घटनास्थलमै मृत्यु भएको थियो ।

कालागाउँबाट सिल्लेगडातर्फ आउँदै गरेको से १ ज ६०३ नम्बरको जीप शनिबार दोगडाकेदार-३ घोडेधार नजिकै दुर्घटनामा परेको हो । कच्ची र उकालो नचढ्दा ब्याक भएर दुर्घटनामा परेको दुर्घटनाग्रस्त जीपमा सवार लोकबहादुर विष्टले बताए ।

**मोटरसाइकल हराएको सूचना**

मिति २०८०/०७/२४ गते नयाँबानेश्वर-१० रूद्रमती मार्ग अक्सिडेण्टल पब्लिक स्कुल पारीको रोड किनारामा पार्किङ गरिराखेको अवस्थामा साँझ ७: ३० देखि ८:४५ को समयमा बजार कम्पनीको पल्सर २२० सिसि एफ एबिएस कालो/निलो रंगको मोटरसाइकल हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगाना तथा फोन नं. मा सम्पर्क गरिदिनुहोला ।

**धनीको नाम : जोक राज कुलुङ**
**बाइक नं.: बा.प्र.०२-०४३ प ३५०७**
**च्यासिस नं.: MD2A13EX0MCJ97727**
**इन्जिन नं. : DKXCMJ31965**
**सम्पर्क: ९८४२८१९२१४**

## राष्ट्रिय झण्डा च्यात्न खोज्ने ११ जना पक्राउ

**वीरगञ्ज (पर्सा)–** प्रहरीले राष्ट्रिय झण्डा चोरेर च्यात्न खोज्ने ११ जनालाई पक्राउ गरी कारबाही अघि बढाएको छ। पर्सागढी नगरपालिका-९ स्थित सिंगे पुलमा राखिएको राष्ट्रिय झण्डा चोरेर च्यात्ने प्रयास गरिरहेको अवस्थामा इलाका प्रहरी कार्यालय पटेर्वा सुगौलीबाट खटिएको प्रहरी टोलीले उनीहरूलाई पक्राउ गरेको हो ।

इलाका प्रहरी कार्यालय पटेर्वा सुगौलीका प्रहरी निरीक्षक रामराज केसरीका अनुसार गत बिहीबार राति मादक पदार्थ सेवन गरी सिंगे पुलमा राखिएको राष्ट्रिय झण्डा च्यात्ने प्रयास गरिरहेको अवस्थामा उनीहरूलाई पक्राउ गरिएको हो। करिब एक साताअघि सिंगे पुलमा सजाइएको राष्ट्रिय झण्डामध्ये केही झण्डा चोरी भएको स्थानीयले गुनासो गरेपछि सो क्षेत्रमा प्रहरीले निगरानी बढाएको थियो ।

गैरकानुनी गतिविधि गरेको अभियोगमा पक्राउ परेकामा पर्सागढी नगरपालिका-१ मनवा टोल निवासी अंकित पटेल, सुलभ श्रेष्ठ, विश्वास चौधरी, निर्मल चौधरी, कृष्णप्रसाद पोखरेल, विराज ठाकुर, दीपु ओझैया, सागर चौधरी र सखुवा प्रसौनी गाउँपालिका-१ सखुवनिय टोका गौतम महतो, नन्दन दास थारू र लक्की चौधरी रहेको प्रहरी निरीक्षक केसरीले जानकारी दिए। पक्राउ परेकामाथि अभद्र व्यवहार मुद्दा दर्ता गरी अनुसन्धान अघि बढाइएको प्रहरीले जनाएको छ । *रासस*

**मोटरसाइकल हराएको सूचना**

मिति २०८०/०७/२१ गते तारकेश्वर न.पा. फुटुङ संगम फाँटमा पार्किङ गरिराखेको अवस्थामा २२० सिसि पल्सर कालो/निलो रंगको मोटरसाइकल हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगाना तथा फोन नं. मा सम्पर्क गरिदिनुहोला ।

**धनीको नाम : लक्ष्मण खनाल क्षेत्री**
**बाइक नं.: बा.प्र.०२-०४२ प ४६०७**
**च्यासिस नं.: MD2A13EX4MCJ98881**
**इन्जिन नं. : DKXCMJ33165**
**ठेगाना: पञ्चकन्या-३, नुवाकोट**
**सम्पर्क: ९८४१२९४४४५**

**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : ALI HUSSEIN FATTOUH TRANSPORTATION EST
पूर्व स्वीकृति मिति २०८०/०८/०२ | LT. No. 295140 | चलानी नं. ६०२१०१२०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 8 | 0 | 1800 | ३६६२३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Hammad Nayef Khalaf Al-Shammari Est. to serve drinks
पूर्व स्वीकृति मिति २०८०/०८/०२ | LT. No. 295138 | चलानी नं. ६०२१०११५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Labor | 8 | 0 | 1000 | ३५३४६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० मंसिर १० गते (26th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः कामदार आफैंले    सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ७९४/०६५/०६६
**TRIPLE STAR EMPLOYMENT PVT. LTD.**
Samakhusi-29, Kathmandu, Nepal Tel: +9771 4353826,4359552, Mob No.: 9802011164, 9846026291, 9849881033 & 9814388624 Fax: +977-1-4362951

**युएईमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : ARTISAN BAKERS (BRANCH)
पूर्व स्वीकृति मितिः २०८०/०८/०१ | LT. No.295021 | चलानी नं.६०२१००९१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 4 | 0 | 2350 | ८४८१७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Foreign Food Cook | 4 | 0 | 2350 | ८४८१७ | | | | | | | |
| 3 | Sales Officer | 0 | 5 | 3000 | १०८२७७ | | | | | | | |
| 4 | waiter | 0 | 3 | 3000 | १०८२७७ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० मंसिर १० गते (26th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले    सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SAUGAT EMPLOYMENT SERVICE PVT. LTD.** श्रम ईजाजत नं. १२२१/०७४/०७५
Battisputali, Ram Mandir Marg, Kathmandu, Nepal, Tel: +977-01-4489384, 4589384 Mob.9851086131, 9851067178, 9813129122, E-mail : saugatemployment1221@gmail.com

**युएईमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : SELECTIVE MANPOWER SERVICES L.L.C.
पूर्व स्वीकृति मितिः २०८०/०८/०२ | LT. No. 294983 | चलानी नं.६०२१०११७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | cleaner | 0 | 100 | 1000 | ३६०९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले    सेवा शुल्कः निःशुल्क

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० मंसिर १० गते (26th. Nov 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Solar H.R. Management Pvt. Ltd.**
**(साविक Baba Human Resource Management Pvt. Ltd.)**
Govt. License No. 1367/074/75
Head Office: New Baneshwor, Kathmandu, Nepal, Tel: +977-1-4792482, 4792549
Branch Office: Pokhara (061-590736), Itahari (025-587645)
E-mail : info@solarhrmnepal.com

**युएईमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : SMOOTH MANPOWER & STAFFING SOLUTIONS
पूर्व स्वीकृति मितिः २०८०/०८/०१ | LT. No. 294880 | चलानी नं. ६०२१००८२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolder | 50 | 0 | 1100 | ३९,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Shuttring Carpenter | 20 | 0 | 1100 | ३९,७७० | | | | | | | |
| 3 | Rigger | 20 | 0 | 1100 | ३९,७७० | | | | | | | |
| 4 | Electrician | 20 | 0 | 1200 | ४३,८८५ | | | | | | | |
| 5 | Mason | 20 | 0 | 1200 | ४३,८८५ | | | | | | | |
| 6 | Steel Fixer | 20 | 0 | 1200 | ४३,८८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः
जनकपर, बुट्वलमा मितिः २०८० मंसिर १३ र १४ गते (29 & 30th Nov. 2023) मा हुनेछ ।
संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० मंसिर १५ गते ( 1st Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले    सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. २०७१/०७९/८०
**SPACE HR SOLUTIONS PVT.LTD**
Ranibari-26, Samakhusi Kathmandu;
Tel: 01-4357449, 9841415166/9803447423
E-mail: info@spacehrsolution.com, Web: www.spacehrsolution.com

# प्रभाव दैनिक

आइतबार, ३ मंसिर २०८० (Sunday, November 19, 2023)





## भारतीय गीतकार समिरलाई अभिनन्दन

प्रसिद्ध भारतीय गीतकार समिर अञ्जानलाई काठमाडौंमा अभिनन्दन गरिएको छ । यहाँ लुनकरणदास गङ्गादेवी चौधरी साहित्यकला मन्दिर र गीतकार सङ्घ नेपालको संयुक्त आयोजनामा बलिउडका लोकप्रिय गीतकार समिरलाई 'समिर अभिनन्दन समारोह'मार्फत अभिनन्दन गरिएको हो । विश्वमा सबैभन्दा बढी गीत लेखेवापत 'गिनिज बुक अफ वर्ल्ड रेकर्ड' मा नाम लेखाउनुभएका समिरले छ सय ५० भन्दा बढी चलचित्रका लागि चार हजारभन्दा बढी गीत लेलेखेका छन् । समारोहमा गीतकार समिरले प्रकृतिको अनुपम सुन्दर देश, पशुपतिनाथको यस भूमिमा आएर सम्मानित हुन् पाउँदा आफू निकै प्रफुल्लित भएको बताए ।



# 'को-हजबेण्ड' बन्यो क्यानडामा उत्कृष्ट



■ प्रभाव संवाददाता

**क्यानडा–** नेपालको बहुपति प्रथाका बारेमा निर्मित वृत्तचित्र फिल्म 'को-हजबेन्ड' (सहायक श्रीमान्) ले क्यानडामा नगद पुरस्कारसहित उत्कृष्ट सर्ट फिल्म अवार्ड जितेको छ । क्यानडाको टोरोन्टोमा आयोजित ३६ वर्ष पुरानो प्रतिष्ठित सोसाइटी अफ भिजुअल इन्थ्रोपोलोजी फिल्म एन्ड मिडिया फेस्टिभलमा को-हजबेण्डले तीन सय अमेरिकी डलरसहित शनिवार उत्कृष्ट सर्ट फिल्म अवार्ड जितेको हो ।

मेन्ट्रो टोरोन्टो सम्मेलन केन्द्रमा आयोजित अवार्ड समारोहमा फिल्म फेस्टिभलका सहनिर्देशकद्वय युनिभर्सिटी अफ साउर्दन क्यालिफोर्नियाकी एशोशियट प्रोफेसर जेनिफर कुल र युनिभर्सिटी अफ कोलारोड बोउल्डरका एशोशियट प्रोफेसर क्रिश्चियन ह्यामन्सले को-हजबेण्डका निर्देशक गणेश पाण्डे र निर्मात्री शारदा गैरेलाई पुरस्कार हस्तान्तरण गरेका थिए ।

अवार्ड समारोहमा प्रवासी नेपाली मञ्च क्यानडाका अध्यक्ष विश्वम्भर घिमिरे पनि सहभागी भएका थिए । अमेरिकन एन्थ्रोपोलिजिकल एशोशियन र क्यानेडियन एन्थ्रोपोलोजी सोसाइटीले ३६ वर्षदेखि हरेक वर्ष अन्तर्राष्ट्रिय सम्मेलनसँगै फिल्म र मिडिया महोत्सव गर्दै आएको छ । अमेरिका र क्यानडासहित विश्वका विभिन्न देशबाट ५ हजार जना मानवशास्त्रीहरूको सहभागितामा यसबर्ष टोरोन्टो सम्मेलन केन्द्रमा सम्मेलनका साथै फिल्म र मिडिया महोत्सव भइरहेको छ । उक्त महोत्सवमा संसारभरबाट मानव शास्त्र र समाजशास्त्रसँग सम्बन्धित हजारौं चलचित्र तथा वृत्तचित्रहरूको प्रतिस्पर्धामा उत्कृष्ट ठहर गरी नेपालको विशिष्ट परिवेशमा बनेको जीवन्त वृत्तचित्र को-हजबेण्डलाई उत्कृष्ट अवार्ड घोषणा गरिएको थियो । 'विश्वका प्रतिष्ठित प्राध्यापक र मानवशास्त्रीहरूको माझमा पुरस्कार थाप्न पाउँदा निकै खुसी र गर्व लागेको छ । नेपालमा बनेको डकुमेन्ट्री फिल्मले विभिन्न देशका डकुमेन्ट्रीबिच प्रतिस्पर्धामा जित्नु आफैमा गर्वको कुरा हो' निर्देशक पाण्डेले भने ।

निर्देशक पाण्डेको को-हजबेन्डले यसअघि पनि विश्वका प्रतिष्ठित चलचित्र महोत्सवहरूमा अवार्डहरू जितिसकेको छ । बहुपति प्रथामा आधारित ३५ मिनेटको यो डकुमेन्ट्री फिल्म कर्णाली प्रदेशको हुम्लामा छायाङ्कन गरिएको हो । घरमा जति दाजुभाइ छन्, एउटै श्रीमती बिहे गर्ने संसारकै अनौठो चलन अहिले पनि हुम्ला लगायतका हिमाली जिल्लामा विद्यमान छ । सोही विषयलाई निर्देशक पाण्डेले पहिलोपटक पर्दामा उतारेका हुन् ।

निर्देशक पाण्डेले करिब ४ वर्षको छायाङ्कन र रिसर्चबाट सहायक श्रीमान् निर्माण गरेका हुन् । साइन मिडिया प्रालिले निर्माण गरेको यो वृत्तचित्रको लेखन पनि निर्देशन पाण्डेले नै गरेका हुन्, जसको निर्मात्री शारदा गैरे, प्रमुख सहायक निर्देशक एवं दृश्य सम्पादक ईश्वर कोइराला र सहायक निर्देशक नृपराज हमाल रहेका छन् । यसैगरी, चन्द्रमान डंगोल, अविनाश लामाले यो डकुमेन्ट्रीलाई क्यामरामा कैद गरेका हुन् । संगीत संयोजन संगीतकार जुगल डंगोलले गरेका छन् ।

यसअघि पनि निर्देशक पाण्डेको बहुचर्चित डकुमेन्ट्री फिल्म 'भाग्यले बाँचेकाहरू' (नेपाल अर्थक्वेक: हिरोज, सर्भाइभर्स एन्ड मिराकल्स) ले पनि डेढ दर्जन अन्तर्राष्ट्रिय अवार्ड जितेको थियो ।

# 'मिस्टर ग्लोबल'मा सहभागी हुन थाइल्यान्ड उडे मिस्टर नेपाल कार्की

■ प्रभाव संवाददाता

**काठमाडौं–** 'मिस्टर नेपाल' विजेता समर्पण जङ्ग कार्की थाइल्यान्ड उडेका छन् । थाइल्यान्डमा आयोजना हुने अन्तर्राष्ट्रिय सौन्दर्य प्रतियोगिता 'मिस्टर ग्लोबल २०२३'मा नेपालको प्रतिनिधित्व गर्न उनी शुक्रबार साँझ त्यसतर्फ उडेका हुन् ।

प्रतियोगिताको फाइनल २६ नोभेम्बरमा हुँदैछ । कार्की नेपाली कलासंस्कृति सहित प्रतियोगितामा सहभागी हुन लागेको हुन् ।



प्रतियोगीताका लागि उनको फेसन ज्वालाराज पोखरेलले तयार गरेका छन् ।

थाइल्यान्ड उड्नु अगाडि एयरपोर्टमा सञ्चारकर्मीसँग कुरा गर्दै कार्कीले यो पटक प्रतियोगिताको ताज नेपाल भित्र्याउने लक्ष्य सहित आफू सहभागी हुन लागेको बताए ।

२०२३'को उपाधि जितेका थिए । उक्त उपाधि सहित उनले प्रतियोगितामा सहभागी अवसर प्राप्त गरेका हुन् । पेशाले पाइलट कार्कीलाई प्रतियोगितामा नेक्स्ट मोडल्स नेपालले पठाएको हो ।

# कतारमा कवि क्षेत्रीको एकल कविता वाचन



**दोहा (प्रस)–** कतारको राजधानी दोहामा कवि कृसु क्षेत्रीको एकल कविता वाचन कार्यक्रम सम्पन्न भएको छ ।

महाकवि लक्ष्मीप्रसाद देवकोटाको ११५औं जन्मजयन्तीको अवसरमा गैर आवासीय नेपाली सङ्घ कतार, अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज कतार, नवोदित साहित्यिक वाचनालय कतार र सन्ध्या ग्रूप अलखोरको संयुक्त आयोजनामा शुक्रबार क्षेत्रीको एकल कविता वाचन कार्यक्रम आयोजना गरिएको हो ।

महाकवि देवकोटाको तस्वीरमा माल्यार्पण गरी आरम्भ भएको उक्त कार्यक्रममा कवि क्षेत्रीले आफ्ना नयाँ तथा पुराना गरी एक दर्जन कवितामार्फत समसामयिक घटना र प्रवासको जीवनको चित्रण गरेका थिए ।

कवि, गजलकार एवं अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज कतारका अध्यक्ष लेख कार्कीको सभापतित्वमा सम्पन्न सो कार्यक्रममा गैर आवासीय नेपाली सङ्घ कतारका अध्यक्ष रमेश भट्टलगायत विभिन्न सङ्घ संस्थाका प्रतिनिधि सहभागी थिए ।

कार्यक्रमका सभापति लेख कार्कीले विभिन्न देशमा कुटनीतिक जिम्मेवारी सम्हाल्दै कवि क्षेत्रीले नेपाली भाषा साहित्यमा योगदान दिएको उल्लेख गरे ।

गैर आवासीय नेपाली सङ्घ कतारका अध्यक्ष भट्टले साहित्यकार क्षेत्रीको एकल वाचन कार्यक्रमबाट नेपाली भाषा साहित्यमा टेवा पुगेको बताए । सो अवसरमा कवि क्षेत्रीलाई सम्मानित गरिएको आयोजक संस्थाले जनाएको छ ।

## रंगशाला

### महिला टी-२० सिरिज

# नेपालको सान्त्वना जित




■ प्रभाव संवाददाता

**काठमाडौं–** चार देश सम्मिलित महिला टि-२० सिरिजअन्तर्गत समूह चरणको अन्तिम खेलमा नेपालले जापानलाई पराजित गरेको छ । नेपालले जापानलाई ६७ रनले हराएको हो ।

हङकङमा भएको खेलमा नेपालले जापानलाई जितका लागि एक सय १४ रनको लक्ष्य दिएको थियो । जापानले निर्धारित २० ओभरमा सबै विकेट गुमाउँदै ४६ रन बनायो । यसअघि टस हारेपछि पहिला ब्याटिङ गर्दै नेपालले चार विकेट गुमाएर एक सय १३ रन बनाएको थियो । नेपालका लागि रुविना क्षेत्रीले ३२ बलमा पाँच चौकाको मद्दतमा ३८ रन बनाइन् । यस्तै कप्तान इन्दू बर्माले ३१ बलमा दुई चौका प्रहार गर्दै २७ रनको योगदान दिइन् । काजल श्रेष्ठले अविजित रहँदै सात बलमा तीन चौकाको मद्दतमा १५ तथा पूजा महतोले २९ बल खेल्दै एक चौकाका साथमा १३ रन बनाइन् ।

बलिङतर्फ जापानकी एलिना कुशुदा नाइरनले दुई तथा मेग ओगावा र आयुमी फुजिकावाले एक एक विकेट लिइन् ।

एक सय १४ रनको विजयी लक्ष्य पछ्याउने क्रममा जापानका लागि मेग ओगावाले २९ बलमा दुई चौकाको मद्दतमा १७ रन बनाइन् । यस्तै सेइका सुमीले १६ बल खेल्दै एक चौका प्रहार गरी १३ रनको योगदान दिइन् । हिनासे गोटोले तीन रन बनाइन् ।

बलिङतर्फ नेपालकी सङ्गिता राईले पाँच तथा अश्मिना कर्माचार्य र पूजा महतो दुई दुई विकेट लिइन् । नेपाल र जापान जारी सिरिजको उपाधि भिडन्तबाट बाहिरिसकेका छन् । नेपाल यसअघि पहिलो खेलमा बुधबार तान्जानियासित २७ रनले पराजित भएको थियो । तान्जानियाले पहिला ब्याटिङ गर्दै निर्धारित २० ओभरमा सात विकेट गुमाएर एक सय १५ रन बनाएको थियो । नेपालले सबै विकेट गुमाउँदै मात्र ८८ रन बनाउन सक्यो । यस्तै बिहीबार भएको दोस्रो खेलमा नेपाल हङकङसित नौ विकेटले पराजित भएको थियो । नेपालले निर्धारित २० ओभरको खेलमा १८ ओभरमा सबै विकेट गुमाएर मात्र ५६ रन बनाएको थियो । हङकङले ५७ रनको विजयी लक्ष्य नौ ओभरमा एक विकेट गुमाएर पूरा गरेको थियो ।

महिला टि-२० सिरिजमा आयोजक हङ्कङसँगै नेपाल, तान्जानिया र जापान सहभागी छन् । आइसिसी बरियतामा तान्जानिया १९औं, नेपाल २१औं, हङ्कङ २२औं तथा जापान ५१औं स्थानमा छन् । तान्जानिया र हङकङले उपाधि जित्नका लागि खेल्ने छन् । नेपालले अब तेस्रो स्थानका लागि आइतबार जापानसित नै खेल्ने छ ।

### आइसिसी विश्वकप क्रिकेट

# उपाधिका लागि भारत र अस्ट्रेलिया भिड्दै

**काठमाडौं (प्रस)–** आइसिसी विश्वकप क्रिकेट उपाधिको टुंगो आज लाग्दैछ । फाइनलमा आयोजक राष्ट्र भारत र सर्वाधिक विजेता बनेको अस्ट्रेलियाबीच आज भिड्ने भएका छन् ।

भारत जारी विश्वकप प्रतियोगितामा अपराजित रहँदै फाइनल प्रवेश गरेको हो । भारतले खेलेका १० वटै खेलमा जित हात पारेको थियो । त्यस्तै अस्ट्रेलियाले सेमिफाइनलमा दक्षिण अफ्रिकालाई पराजित गर्दै फाइनल प्रवेश गरेको हो । अस्ट्रेलियाले प्रारम्भिक चरणका ९ मध्ये ७ खेलमा जित हात पारेको थियो ।

प्रारम्भिक चरणमा ब्यहोरेको हारको बदला लिने लयमा अस्ट्रेलिया देखिएको छ भने भारत विश्वकपमै कुनै पनि खेलमा पराजय नभोगी तेस्रो पटक उपाधि जित्ने सुरमा रहेको छ । विश्व क्रिकेटका यी दुई टोली सर्वाधिक सफल टोलि मानिन्छन् । अस्ट्रेलियाले अहिलेसम्म ६ पटक विश्वकप उपाधि जितिसकेको छ भने भारतले २ पटक जितेको छ ।




# माउन्टेन क्रस कन्ट्रीमा ६०० खेलाडी

■ प्रभाव संवाददाता

**पोखरा–** पोखरामा मंसिर ९ गते अन्तर्राष्ट्रिय माउन्टेन क्रस कन्ट्री प्रतियोगिता आयोजना हुने भएको छ । चिनियाँ दूतावास, पोखरा महानगरपालिका र नेपाल पर्यटन बोर्डको संयुक्त आयोजनामा सो प्रतियोगिता हुने भएको शनिबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइएको हो ।

नेपाली १० र चिनियाँ १० गरी २० टिमको सहभागिता रहने प्रतियोगितामा कुल ६ सय खेलाडीले सहभागिता जनाउने प्रतियोगिता संयोजक बिश्वशंकर पालिखेले जानकारी दिए । लेकसाइडस्थित बाराहीघाटमा हुने प्रतियोगिता अन्तरगत पौडी, साइक्लिङ र दौड हुने छ ।

टिम इभेन्ट अन्तरगत प्रथम हुनेले ३ लाख ६० हजार, दोस्रो हुनेले २ लाख ८८ हजार, तेस्रो हुनेले २ लाख १६ हजार, चौथो हुनेले १ लाख ४४ हजार र पाँचौ हुनेले ९० हजार प्राप्त गर्ने छन् । त्यस्तै व्यक्तिगत इभेन्टतर्फ प्रथम हुनेले १ लाख ४४ हजार, दोस्रो हुनेले १ लाख ८ हजार, तेस्रो हुनेले ५४ हजार र चौंथोदेखि ८ औं सम्म हुनेले १८ हजार प्राप्त गर्ने छन् ।

त्यस्तै विद्यार्थीतर्फको दौड अन्तरगत प्रथम हुनेले २५ हजार, दोस्रो हुनेले २० हजार, तेस्रो हुनेले १५ हजार चौंथो हुनेले १० हजार र पाँचौं हुनेले ५ हजार प्राप्त गर्ने संयोजक पालिखेले बताए । प्रतियोगिताले पोखराको पर्यटन प्रबर्द्धनका लागि महत्वपूर्ण भूमिका खेल्ने महानगरका प्रवक्ता मोती तिमिल्सिनाले जानकारी दिए ।

प्रतियोगिताको सहआयोजकमा युनान माउन्टेनरीङ एण्ड आउटडोर स्पोर्ट्स एसोसिएसन चीन र होटल संघ पोखरा रहका छन् । प्रतियोगिता सम्पन्न गर्न ७० देखि ८० लाख खर्च लाग्ने र पुरस्कार राशिमा मात्र २० लाख खर्च हुने बताईएको छ ।

प्रतियोगिता सफल बनाउन विभिन्न २२ वटा उपसमिति गठन गरिएको छ । प्रतियोगितामा फोटो प्रदर्शनी तथा सांस्कृतिक कार्यक्रम पनि गरिने आयोजकले जनाएको छ ।




अमेरिकाको वासिङ्टन डिसीस्थित युनियन स्टेसनमा प्यालेस्टाइन समर्थक कार्यकर्ताहरूले शुक्रबार निकालेको र्‍याली। इजरायल–हमासबीच जारी युद्धमा युद्धविरामको आह्वान गर्दै उनीहरूले युनियन स्टेसन बन्द गर्ने प्रयास गरेका थिए । *तस्बिरः एएफपी*

# गोल्डेनगेट घोषणा जारी गर्दै एपेक आर्थिक नेताहरूको बैठक सम्पन्न




**सान फ्रान्सिस्को–** सबैका लागि लचिलो र दिगो भविष्य सिर्जना गर्नेबारे गोल्डेन गेट घोषणा गर्दै सान फ्रान्सिस्कोमा आयोजित ३०औं एसिया–प्रशान्त आर्थिक सहयोग (एपेक) आर्थिक नेताहरूको बैठक शुक्रबार सम्पन्न भएको छ ।

'हामीले हाम्रो क्षेत्रमा रहेको प्रचुर सम्भावना र गतिशीलतालाई जारी राख्न, आर्थिक वृद्धिलाई प्रोत्साहन गर्न र जलवायु परिवर्तनलगायत सबै वातावरणीय चुनौतीहरूलाई सम्बोधन गर्न प्राविधिक र आर्थिक प्रगतिको उपयोग गर्नुपर्छ,' घोषणामा भनिएको छ । दुईदिने बैठकमा गहन छलफलपछि उक्त घोषणापत्र पारित गरिएको थियो ।

नेताहरूले दिगोपन, जलवायु, न्यायोचित ऊर्जा संक्रमण, अन्तरसम्बन्ध र समावेशी तथा लचिलो अर्थतन्त्रको निर्माणलगायतका विषयमा केन्द्रित रहेर छलफल गरेका थिए ।

सो अवसरमा नेताहरूले स्वतन्त्र, खुला, निष्पक्ष, गैरभेद्भावपूर्ण, पारदर्शी, समावेशी, र पूर्वानुमानयोग्य व्यापार र लगानी प्रवर्द्धनको उपयुक्त वातावरण निर्माण गर्ने आफ्नो संकल्पलाई पुनः पुष्टि गरेका छन् ।

सहभागी नेताहरूले नियममा आधारित बहुपक्षीय व्यापार प्रणालीको महत्त्वलाई आत्मसात् गर्दै बहुपक्षीय व्यापार प्रणालीको महत्त्वलाई पुनः पुष्टि गरेका छन् । विश्व व्यापार संगठन यसको केन्द्रमा रहेको छ जसले एपेक क्षेत्रको असाधारण वृद्धिलाई उत्प्रेरित गर्न जारी राख्ने विश्वास व्यक्त गरिएको छ ।

साथै, एपेक अर्थव्यवस्थाहरू उच्च गुणस्तर तथा व्यापक क्षेत्रीय उपक्रमहरूमा जोडिनका लागि अर्थतन्त्रको प्रवर्द्धनमा आफ्नो क्षमता निर्माण र प्राविधिक सहयोग विकास एवं विस्तारका विभिन्न प्रयासहरू बढाउन प्रतिबद्ध रहेको घोषणापत्रमा जनाइएको छ । 'हामी एक समान खेल मैदान सुनिश्चित गर्न काम जारी राख्नेछौं विश्वले जलवायु परिवर्तनको प्रभावबाट उत्पन्न गहिरो चुनौतीहरूको सामना गरिराखेको छ,' घोषणापत्रमा भनिएको छ ।

यस क्षेत्रको अर्थतन्त्रले आफ्नो स्वच्छ, दिगो, न्यायोचित, किफायती र समावेशी ऊर्जा संक्रमणलाई विभिन्न बाटोमार्फत गति दिन थप गहन प्रयासहरू जारी राख्न आवश्यक रहेको पनि सहभागी नेताहरूले स्वीकार गरेका छन् ।

विश्वव्यापी शून्य हरितगृह ग्यास उत्सर्जन तथा कार्बन तटस्थतासँग सुसंगत मध्य शताब्दीभित्रै वा यसको आसपास नवीनतम वैज्ञानिक विकास र विभिन्न घरेलु परिस्थितिहरूलाई ध्यानमा राखेर अगाडि बढ्नुपर्ने टड्कारो आवश्यकता औंल्याइएको छ ।

'एपेक अर्थतन्त्रले कम र शून्य कार्बन उत्सर्जन हुने सवारीसाधनहरूतर्फ संक्रमणलाई गति दिने वाचा गर्छ, दिगो उड्डयन इन्धन र कम र शून्य उत्सर्जन सामुद्रिक ढुवानी मा जोड दिन्छ,' घोषणापत्रमा उल्लेख गरिएको छ ।

यसैगरी नेताहरूले व्यवसाय तथा उपभोक्ताहरूका लागि सक्षम, समावेशी, खुला, निष्पक्ष र गैरभेद्भावरहित डिजिटल इकोसिस्टम सिर्जना गर्ने आफ्नो प्रतिबद्धतालाई पुनः दोहोर्‍याएका छन् । बिहीबार र शुक्रबार डाउनटाउन सान फ्रान्सिस्कोको मोस्कोन सेन्टरमा आयोजित बैठकमा नेताहरूले राजनीतिक र व्यापारिक विषयमा विशेष ध्यान केन्द्रित गरेका थिए ।

संयुक्त राज्य अमेरिकाले सन् २०२४ मा एपेकको आयोजकको रूपमा पेरुलाई एपेक आयोजक वर्षको जिम्मेवारी प्रदान गर्दै छ ।

यस वर्ष सन् १९९३ मा आयोजना भएको पहिलो नेताहरूको बैठकको ३०औं वार्षिकोत्सव हो । सम्मेलन आयोजक अमेरिकाले एपेक बैठक संयन्त्रलाई मन्त्रीस्तरबाट अनौपचारिक नेताहरूको बैठकको स्तरमा स्तरोन्नति गरेको थियो । *रासस/सिन्ह्वा*

## अमेरिका र मेक्सिकोका राष्ट्रपतिबीच छलफल

**सान फ्रान्सिस्को–** अमेरिकी राष्ट्रपति जो बाइडेन र मेक्सिकोका राष्ट्रपति एन्ड्रेस म्यानुएल लोपेज ओब्राडोरबीच शुक्रबार छलफल भएको छ । सो छलफलमा दुई राष्ट्रपतिबीच संयुक्त राज्य अमेरिकामा अवैध फेन्टानिल तस्करीको नियन्त्रण गर्न र दुई देशको बीचको सीमामा उत्तरतर्फ जाने आप्रवासीहरूको बढ्दो संख्यालाई व्यवस्थित गर्न एकसाथ काम गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ ।

'मेक्सिको र संयुक्त राज्य अमेरिकासँगै उभिएर सँगै काम गरेमा मेरो विचारमा कुनै पनि कुरा हाम्रो पहुँचभन्दा बाहिर छैन,' अमेरिकी राष्ट्रपति बाइडेनले भनेका छन् ।

बाइडेनको लोपेज ओब्राडोरसँगको सम्बन्ध कहिलेकाहीँ तनावपूर्ण बन्ने गरेको छ । केही हदसम्म फेन्टानिल उत्पादन र पत्रकारहरूको हत्याजस्ता विषयहरूमा बाइडेनले मेक्सिकोको आलोचना गरेका छन् । लोपेज ओब्राडोर अमेरिकी नेतालाई बेवास्ता गर्न डराएको देखिँदैन ।

अमेरिकाले क्युबा, निकारागुआ वा भेनेजुएलालाई निमन्त्रणा नगरेको हुनाले मेक्सिकोका राष्ट्रपतिले लस एन्जलस शिखर सम्मेलनमा सहभागिता जनाएनन् त्यहाँ आप्रवासनका विषयमा महत्त्वपूर्ण छलफल हुने बताइएको थियो । उनले सुरुमा यो वर्षको एपेक सम्मेलनमा सहभागी नहुने बताएता पनि अन्त्यमा भने, मन परिवर्तन गरे । रासस/एपी

## कार रूखमा ठोक्किँदा पाँच जनाको मृत्यु, पाँच गम्भीर घाइते

**गिरिडीह–** झारखण्डको गिरिध जिल्लामा शनिबार कार रूखमा ठोक्किँदा पाँच जनाको ज्यान गएको छ। प्रहरीले दिएको जनाकारीअनुसार दुई बालबालिकासहित १० जना टिकोडिहस्थित विवाह समारोहबाट फर्केर थोरिया गाउँ जाने क्रममा उक्त घटना भएको हो ।

तीव्रगतिमा रहेको गाडी मुफिस्सल प्रहरी चौकी क्षेत्रको बाघमारामा पुगेपछि चालकले नियन्त्रण गुमाउँदा उक्त कार सडकको छेउमा रहेको रुखमा ठोक्किएको हो ।

यस घटनामा पाँच जनाको घटनास्थलमै मृत्यु भएको छ भने दुई बालबालिकासहित पाँच जना घाइते भएका छन् । शव पोस्टमार्टमका लागि पठाइएको र घटनामा घाइते भएकाहरूलाई अस्पताल लगिएको प्रहरीले जनाएको छ । *रासस/एएनआई*


FREE VISA! FREE TICKET!! FREE RECRUITMENT !!!
(Zero Cost) सहित युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : gardinia building contracting l.l.c
पूर्व स्वीकृति मिति २०८०/०८/०२ LT. No. 295160 चलानी नं. ६०२१०२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Layer | 100 | 0 | 1100 | २८,९७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | electrician | 130 | 0 | 1100 | | | | | | | | |
| 3 | PIPE FITTER | 100 | 0 | 1100 | | | | | | | | |
| 4 | PLUMBER | 70 | 0 | 1100 | | | | | | | | |
| 5 | SCAFFOLDER | 40 | 0 | 1100 | | | | | | | | |
| 6 | STEEL FIXER | 30 | 0 | 1100 | | | | | | | | |
| 7 | Tile Layer | 30 | 0 | 1100 | | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०८० मंसिर १० गते (26th. Nov 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धी व्यतवस्था: रु. १,५००/- रोजगारदाता कम्पनीले सेवा शुल्क: नि:शुल्क

१) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । २) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ३) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ४) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SOUNDLINES RECRUITMENT (P.) LTD.
Lic No. : 572/063/64
Mahalaxmi-14,Thashikhel, Lalitpur, Tel: 01-5193236/37/38/39
Email : nepal@soundllinesgroup.com, Web: www.soundlinesnepal.com
CREATING VALUE THROUGH PEOPLE



साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी: DORAT AL-TAL CO FOR CONTRACTING
पूर्व स्वीकृति मिति २०८०/०८/०२ LT. No. 295001 चलानी नं. ६०२१०१०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 3 | 0 | 1150 | ४०,६५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० मंसिर १० गते (26th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

OZONE OVERSEAS SERVICE PVT. LTD.
Airport, Kathmandu, Nepal, Tel No. 01-4112794, 4112795
E-mail : contact@ozoneoverseas.com, www.ozoneoverseas.com
श्रम इजाजत नं. ४४८/०६०/०६१



साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RSFIL For Industrial Company
पूर्व स्वीकृति मिति २०८०/०८/०१ LT. No. 295007 चलानी नं. ६०२१००७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 5 | 0 | 1000 | ३५,३४१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० मंसिर १० गते (26th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Reliance Recruitment Services Pvt. Ltd.
श्रम इजाजत नं. ९७१/०६७/०६८
Maharajgunj, Chakrapath, Kathmandu,Nepal. Tel: +977-1-4419528 / 4419763
Email:mofa@relianceservice.com.np, Website: www.relianceservice.com.np



मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : DERIGUOUR SECURITY SDN. BHD.
पूर्व स्वीकृति मिति २०७९/१०/०९ पुन विज्ञापन स्वीकृति मिति २०८०/०८/03 LT. No. 279855 चलानी नं. ६०१९५८७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब MR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 34 | 0 | 1500 | ४२,५५१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : EAZA FORCE (M) SDN. BHD.
पूर्व स्वीकृति मिति २०८०/०६/१० पुन विज्ञापन स्वीकृति मिति २०८०/०८/03 LT. No. 292405

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब MR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 45 | 0 | 1500 | ४२,५५१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० मंसिर १० गते (26th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क:नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

AMCON OVERSEAS PVT. LTD
श्रम इजाजत नं. ६८४/०६३/०६४
Chappal Karkhana, Kathmandu, Tel: 01-4373522, 4373977
E-mail: amconoverseas123@gmail.com



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५। लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६। ज्ञाञ्जयोति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मल: स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोन: ०१-४२७६५३०, फ्याक्स:०१-४२७१३२२। दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोन: ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - ११५००० | प्रति तोला - ११४४५० | प्रति तोला - १४०५ |



**सुन्दर रज्जे** दाङको घोराही उपमहानगरपालिका-५ स्थित दाङभन्दा बेग्लै उपत्यकाको सिरानमा रहेको सुन्दर रज्जे गाउँ । घोराही-५ र तुलसीपुर -१३ का बस्ती रहेको यस उपत्यका तुई (सानो) दाङले चिनिने गर्दछ । *तस्बिरः कुलदीप न्यौपाने/रासस*

# हेटौंडा-ढल्केबर-इनरुवा प्रसारणलाइन 'शीघ्र निर्माण सम्पन्न गर्न निर्देशन

■ प्रभाव संवाददाता

**काठमाडौं-** मुलुकभित्रको विद्युत् प्रसारण प्रणाली सुदृढीकरण र नेपाल-भारतबीचको विद्युत् व्यापारका लागि निर्माणाधीन हेटौंडा-ढल्केबर-इनरुवा चार सय केभी डबल सर्किट प्रसारण लाइन आयोजना निर्माणमा अवरोधै अवरोध कायम रहेको छ । झन्डै नौ वर्षअघि देखि निर्माण सुरु भएको सो आयोजनामा भइरहेको अवरोधका कारण अझैसम्म सम्पन्न हुन सकिरहेको छैन ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङका अनुसार प्रसारण लाइनको तारमुनिको जग्गाको मुआब्जा वितरणका लागि मात्रै रु पाँच अर्ब बराबरको बजेट आवश्यक रहेको छ । यस्तै, निर्माण व्यवसायीलाई थप रु पाँच अर्ब बराबरको बजेट आवश्यक देखिएको छ । यस आधारमा सो आयोजनाका लागि कूल रु १० अर्ब बराबरको थप बजेट आवश्यक देखिएको उनले जानकारी दिए । प्रसारण लाइनको दायाँ बायाँ ४६ मिटर रहने भएकाले पनि मुआब्जा बापतका लागि ठूलो बजेट जरुरी रहेको छ । अवरोधै अवरोधका कारण आयोजनालाई गति दिन समस्या पैदा भएको छ ।

आगामी चार महिनाभित्र सो प्रसारण लाइन आयोजना निर्माण सम्पन्न गर्नैपर्ने बाध्यतामा प्राधिकरण रहेको छ । 'जताततै समस्या छ, समाधानका लागि गरिएको प्रयाससमेत सार्थक हुन सकेको छैन', कार्यकारी निर्देशक घिसिङले भने, 'सप्तरी र सिरहामा नापी र मालपोत कार्यालयले समेत आवश्यक सहजीकरण नगरिदिएका कारण झनै समस्या पैदा भएको छ ।'



मकवानपुरको हेटौंडा उपमहानगरपालिका-११ थानाभञ्याङ सबस्टेसनबाट सुरु भई सुनसरीको भोक्राहा नरसिंह गाउँपालिका-४ मा जोडिने प्रसारण लाइन १० वटा जिल्ला पार भएर जान्छ । प्रसारण लाइनको मार्ग परिवर्तनको माग गर्दै निर्माणमा स्थानीयको अवरोध, वन क्षेत्रको जग्गा प्रयोग तथा रूख कटानको स्वीकृतिको प्रक्रियागत उल्झन, ठेकेदारको कमजोर कार्यसम्पादनलगायत कारणले निर्माण ढिला भएको हो । स्थानीय अवरोध खुलाइ निर्माणका लागि प्राधिकरणले गरिरहेको प्रयास पनि सफल हुन सकिरहेको छैन ।

रणनीतिक महत्वको प्रसारण लाइनको निर्माण सम्पन्न हुन नसक्दा कूल चार सय ५६ मेगावाटको माथिल्लो तामाकोशी जलविद्युत् आयोजनाको विद्युत् धनुषास्थित ढल्केबर सबस्टेसनबाट लाइन क्षमता अभावमा पश्चिमतर्फ पठाउन सकिएको छैन । अहिले ढल्केबरबाट पश्चिमतर्फ एक सय ३२ केभी प्रसारण लाइन मात्रै छ ।

पहाडी, शिवालिक चुरे र तराई क्षेत्रमा पर्ने दुई सय ८८ किलोमिटर प्रसारण लाइनका लागि सात सय ९२ वटा टावर निर्माण गर्नुपर्छ । यसमध्ये सात सय ५७ टावरको जग हालिएको छ भने सात सय ५० खडा गरिएको छ । रूख कटानको स्वीकृतिमा भएको ढिलाइ र स्थानीयको अवरोधका कारण बाँकी टावरहरूको निर्माण हुन सकेको छैन । सबै टावर खडा गरिसकेपछि ठेकेदार कम्पनीले तार तान्न सुरु गर्नेछ ।

ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले सो प्रसारण लाइन निर्माणमा भइरहेको प्रगतिका बारेमा चासो व्यक्त गरेका छन् । उनले प्राधिकरणका कार्यकारी निर्देशक घिसिङलाई आवश्यक समन्वय गरेर तत्काल निर्माण सम्पन्न गर्न निर्देशन दिए । उनले स्थानीय सुरक्षाकर्मीको सहयोग लिन र प्रशासनसँग मिलेर काम गर्न निर्देशन दिए ।

स्थानीयहरूले प्रसारण लाइनको मार्ग परिवर्तनको माग गर्दै सामुदायिक वनमा पर्ने टावरसमेत निर्माण गर्न दिएका छैनन् भने निर्माण गरिएका दुईवटा टावर सार्न माग गरिरहेका छन् । उनीहरूले प्रसारण लाइन मानव बस्तीबाट नलगी जङ्गलबाट लैजानुपर्ने माग गरेका छन् । आयोजनाले भने सबै प्रक्रिया पूरा गरी डिजाइन गरिएकाले अहिले आएर रुट परिवर्तन गर्न नसकिने प्रस्ट पार्दै आएको छ ।

'माथिल्लो तामाकोशीको बिजुली ढल्केबरबाट पश्चिमतर्फ ल्याउन नसक्दा यता नपुग्ने उता खेर फाल्नुपर्ने बाध्यात्मक अवस्था छ । यस्तो अवस्थाको अन्त्य गर्न यो लाइन जतिसक्दो छिटो निर्माण गर्नुपर्ने छ', कार्यकारी निर्देशक घिसिङले भने ।

स्थानीयले सर्लाहीको लालबन्दी नगरपालिकाको जियाजोर र सिरहाको लहान पडरिया क्षेत्रमा पनि प्रसारण लाइन निर्माणमा अवरोध गरेका छन् । हेटौंडा-ढल्केबर-इनरुवा चार सय केभी प्रसारण लाइन विद्यमान एक सय ३२ केभी प्रसारण लाइन र पूर्व-पश्चिम राजमार्गको नजिक र प्रायः समानान्तर छ । प्रसारण लाइनको मार्गाधिकार क्षेत्र प्रसारण लाइनको केन्द्र विन्दुबाट दायाँबायाँ २३/२३ मिटर हुने छ । सो प्रसारण लाइन निर्माणपछि मुलुकभित्रको प्रसारण प्रणाली सुदृढीकरण र नेपाल-भारतबीचको विद्युत् व्यापार सहज हुने अपेक्षा गरिएको छ ।

## चार महिनामा २० प्रतिशत बजेट खर्च

**काठमाडौं (प्रस)-** चालु आर्थिक वर्ष २०८०/८१ को पहिलो चौमासिक अवधिमा सरकारले वार्षिक लक्ष्यको २० प्रतिशत बजेट खर्च गरेको छ । महालेखा नियन्त्रक कार्यालयको तथ्याङ्कअनुसार कात्तिक मसान्तसम्ममा सरकारको बजेट खर्च रु तीन खर्ब ५५ अर्ब ६३ करोड ४० लाख बराबर छ ।

सरकारले चालु आर्थिक वर्षका लागि रु १७ खर्ब ५१ अर्ब ३१ करोड २१ लाख बराबरको वार्षिक बजेट विनियोजन गरेको थियो । कात्तिक मसान्तसम्मको खर्चको अवस्था हेर्दा चालुतर्फ २३ दशमलव ७५, पुँजीगततर्फ नौ दशमलव ९३ र वित्तीय व्यवस्थातर्फ १७ दशमलव ७२ प्रतिशत छ ।

चालु आर्थिक वर्षका लागि सरकारले चालु शीर्षकमा रु ११ खर्ब ४१ अर्ब ७८ करोड ४१ लाख बराबर विनियोजन गरेको थियो । जसमध्ये हालसम्म रु दुई खर्ब ७१ अर्ब १७ करोड ४७ लाख बराबर खर्च भएको छ । पूँजीगत शीर्षकमा रु तीन खर्ब दुई अर्ब सात करोड ४४ लाख बराबरको बजेट विनियोजन भएकामा कात्तिक मसान्तसम्ममा रु २९ अर्ब ९८ करोड ९४ लाख बराबर मात्रै खर्च भएको छ । त्यस्तै, वित्तीय व्यवस्था शीर्षकमा रु तीन खर्ब सात अर्ब ४५ करोड ३६ लाख बराबरको बजेट विनियोजन भएकामा हालसम्म रु ५४ अर्ब ४६ करोड ९९ लाख बराबर खर्च भएको छ । सामान्यतया वित्तीय व्यवस्था शीर्षकमा छुट्याइएको रकम सार्वजनिक ऋणको साँवा ब्याज भुक्तानीमा खर्च हुने गरेको छ । चालु आर्थिक वर्षमा पूँजीगत शीर्षकमा भन्दा वित्तीय व्यवस्था शीर्षकमा बढी बजेट विनियोजन भएको थियो ।

## श्यामशिलाको छुर्पी बाह्य बजारमा

**भोजपुर-** भोजपुरको पौवादुङ-१ श्यामशिलामा उत्पादन भएको छुर्पी बाह्य बजारमा पुग्ने गरेको छ । वैदेशिक रोजगारीबाट फर्केर दुग्ध व्यवसायमा लाग्नुभएका युवा दीपकुमार राईले उत्पादन गरेको छुर्पी बाह्य बजारमा निर्यात हुन थालेको हो । दूग्ध उद्योग सञ्चालन गर्दै आएका राई यो क्षेत्रमा उदाहरणीयसमेत बनेका छन् । आफूले उत्पादन गरेको छुर्पी झापाका व्यापारीमार्फत युरोप, अमेकिलगायत बाह्य मुलुकका बजारमा निर्यात गर्न थालिएको उनले बताए ।

'यहाँको छुर्पी बाध्य बजारमा जान थालेको अवस्था छ', राईले भने, 'भोजपुरका डेरीबाट पनि आवश्यक पर्दा दूध लैजाने गरेका छौं । बाँकी रहेको दूधको छुर्पी बनाउँछु । यहाँ उत्पादन भएको छुर्पी कुकुरका लागि विदेशका विभिन्न देशमा निर्यात हुने गरेको छ ।'

आफू स्वरोगार बन्दै ग्रामीण भेगका किसानलाई सहयोग गर्ने उद्देश्यले श्यामशिलामा डेरी सञ्चालनमा ल्याएको राईको भनाइ छ। उत्पादित दूधलाई बजारसम्म पुऱ्याउन समस्या भोग्दै आएका किसानलाई अहिले सहज भएको छ । व्यवसायी राईले किसानको घर/घरमा पुगेर दूध सङ्कलन गरेर बिक्री पनि गर्दै आएको बताए ।

'यो ठाउँका मानिसमा दूध बिक्री गर्ने चलन थिएन', राईले भने, 'मैले व्यवसाय सञ्चालन गरेपछि उनीहरूलाई सहज भएको छ। किसानको घरसम्म पुगेर दूध सङ्कलन गरेर ल्याउँछु ।' व्यवसायी राईले दैनिक दुई सय ५० देखि तीन सय लिटरसम्म दूध सङ्कलन गर्दै आएका छन् । पौवादुङमा गाउँपालिकाको विभिन्न क्षेत्रसँगै अरुण गाउँपालिकोे माचुङ, सोऱ्याङलगायत ठाउँमा पुगेर दूध सङ्कलन गर्दै आएको उनले जानकारी दिए ।

यी क्षेत्रका एक किसानले मासिक रु पाँच हजारदेखि ३० हजार हजारसम्मको दूध घरबाट नै बिक्री गरिरहेको राईको भनाइ छ । आफूले पशुपालनको लागि ६० रोपनी जग्गा लिजमा लिएको राईले जानकारी दिए । 'विगतमा घरमा नै दूध खपत गर्दै आएका किसान अहिले व्यावसायिक बनेको अवस्था छ', उनले भने, 'दूध बिक्री भएपछि किसान पशुपालनमा लागेका छन् । उत्पादित दूधको बजारीकरणमा कुनै समस्या छैन ।'

यहाँका किसानको घर/घरबाट सङ्कलन भएको दूधलाई भोजपुर सदरमुकामका डेरीले पनि लैजाने गरेको राईको भनाइ छ । छुर्पी प्रतिकेजी रु एक हजार एक सय ५० मा बिक्री हुने गरेको छ । नौनी घ्यू प्रतिकेजी रु सात सय र खरुवा घ्यू प्रतिकेजी रु एक हजार तीन सयमा बिक्री गर्दै आएको उनकी श्रीमती रमला राईले बताइन् । उत्पादित घ्यूँको बजारीकरणमा भने केही समस्या रहेको उनको भनाइ छ । राज्यको तर्फबाट सहयोग भए व्यवसायलाई थप विस्तार गर्न सहज हुने उनको भनाइ छ ।

आफ्नै ठाउँमा डेरी सञ्चालन भए पनि दूध बिक्री गर्न सहज भएको स्थानीय पशुपालक कृषक विक्रम राईले बताए । दूधको बेचबिखनमा सहज भएसँगै गाईपालनलाई थप विस्तार गरेको उनको भनाइ छ । 'अहिले दूध बिक्रीको लागि सहज अवस्था छ', उनले भने, 'फर्मबाट नै दूध बिक्री गर्छु । विगतमा हाम्रो ठाउँमा दूध बिक्री गर्ने चलन नै थिएन । अहिले दूध बेचेर घर खर्च धान्ने अवस्था बनेको छ ।'

गाउँमा नै डेरी स्थापनाले किसानलाई सहजता भएको वडाध्यक्ष राजेन्द्र तामाङले बताए । किसानले दूध बिक्री गरेर घर खर्च टार्ने अवस्था बनेको उनको भनाइ छ । 'विगतमा पनि हाम्रो क्षेत्रमा प्रशस्त मात्रामा दूध उत्पादन हुन्थ्यो', वडाध्यक्ष तामाङले भने, 'तर बिक्री गर्नको लागि बजार थिएन । अहिले किसानलाई दूध बिक्रीको लागि कुनै समस्या छैन ।'

गाउँपालिकालाई दूधमा आत्मनिर्भर बनाउने लक्ष्यले दुग्ध 'मिसन कार्यक्रम'नै सञ्चालन गरेर किसानलाई प्रोत्साहन गरिरहेको गाउँपालिका अध्यक्ष किरण राईले बताए । यो कार्यक्रमअन्तर्गत विगतका आर्थिक वर्षमा किसानलाइ १३ वटा उन्नत जातको भैँसी वितरण गरेको अध्यक्ष राईको भनाइ छ ।

'गाउँपालिकालाई दूधमा आत्मनिर्भर बनाउने लक्ष्यका साथ काम गरिरहेका छौं', अध्यक्ष राईले भने, 'हामीले किसानलाई उन्नत जातको भैँसी वितरण गरिसकेका छौं । अहिले यहाँ उत्पादन भएको दूध सदरमुकामसम्म जान थालेको छ । यही दुग्ध उद्योग खोलेर पनि किसानले दूधको परिकार बेच्न थालेका छन् ।'

गाउँपालिकाले सामूहिक खेती तथा बाँझो जमिनको सदुपयोग गर्ने किसानलाई प्रोत्साहन गर्ने नीति लिएको पनि अध्यक्ष राईले बताए । भौतिक पूर्वाधारसँगै कृषिको क्षेत्रमा योजनाबद्ध विकास गरिरहेको अध्यक्ष राईको भनाइ छ । *रासस*


बालबालिकाको खानपानः अभिभावकले दिनुपर्छ ध्यान

- बालबालिकालाई उमेर अनुसार पौष्टिक खाना खुवाऔं,
- आवश्यकता अनुसारको खाना खाएपछि थप खानाका लागि करबल नगरौं,
- प्राकृतिक स्वाद जस्तैः घिउ, मह, दूध तथा स्थानीय खानाहरूको स्वाद भएको खानेकुरा खुवाऔं,
- पत्रुखाना (जंकफूड) को प्रयोग नगरौं,
- बालबालिकालाई अभिभावकसँगै राखेर खाना खुवाऔं,
- बालबालिकाको दैनिक खाना खाने समय निर्धारण गरी सोही समयमा खाना खुवाउने गरौं,
- परिवारका सदस्य एवं बालबालिकाले खाना खाने समयमा मोबाइल तथा टि.भी.को प्रयोग नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक


प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ